नेपाल सरकार
स्थानीय विकास मंत्रालय
## स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
(डोलिडार)

# स्थानीय पूर्वाधार विकासको रणनीतिक कार्य योजना
(०६४/६५-०६६/६७)



# Rural Infrastructure Development Strategic Action Plan
**(2007/08 -2009/10)**

२०६४ आश्विन

नेपाल सरकार
स्थानीय विकास मंत्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक बिभाग
(डोलिडार)

# स्थानीय पूर्वाधार विकासको रणनीतिक कार्य योजना
# (०६४/६५- ०६६/६७)

**Rural Infrastructure Development Strategic Action Plan**
**(2007/08-2009/10)**

२०६४ आश्विन

(नेपाल सरकार स्थानीय विकास मन्त्रालयबाट मिति २०६४/६/३० मा स्वीकृत)

## मन्तव्य

नेपाल सरकार दिगो र फराकिलो आर्थिक वृद्धि, सामाजिक क्षेत्र एवं ग्रामीण पूर्वाधार विकास तथा लक्षित कार्यक्रमहरु द्वारा गरिवी निवारण तर्फ केन्द्रित रही आएको कुरा स्पष्ट छ । आम जनता बसोबास गर्ने ग्रामीण क्षेत्रमा स्थानीय पूर्वाधारहरुको यथोचित विकास तथा व्यवस्थापन गर्न सकेमा उनीहरुको जीविकोपार्जनमा बृद्धि तथा गरिवी न्यूनीकरणमा सहयोग पुग्नुका साथै मुलूकको समग्र आर्थिक विकासमा ठूलो टेवा पुग्ने कुरालाई मनन् गरी स्थानीय पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिईएको र त्यसै अनुसार स्थानीय पूर्वाधार विकासका कार्यक्रमहरु संचालन गरिंदै आएको छ ।

स्थानीय पूर्वाधार विकासको लागि उपलब्ध सिमित श्रोत साधनको अधिकतम उपयोग गरी विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानीय उपभोक्ता समूदायको सहभागितामा दिगो स्थानीय पूर्वाधार विकासको लक्ष्य हासिल गर्नको लागि नेपाल सरकारले स्थानीय पूर्वाधार विकास नीति, २०६१ पारित गरी लागु समेत गरिसकेको छ । स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले अङ्गिकार गरेका नीति तथा रणनीति अनुसार स्थानीय पूर्वाधारका सबै क्षेत्रको योजनाबद्ध विकास तथा व्यवस्थापनका लागि रणनीतिक कार्ययोजनाको आबश्यकतालाई महसुस गरी यस स्थानीय पूर्वाधार विकास रणनीतिक कार्ययोजनाको तयार भएको छ ।

नेपाल सरकारको चालु आ.ब. २०६४/०६५ देखि शुरु भएको अन्तरिम योजना एवं सहश्राब्दी विकास लक्षलाई समेत दृष्टिगत गरी स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले निर्दिष्ट गरेका स्थानीय पूर्वाधार विकासका सबै क्षेत्रको प्रभावकारी विकास तथा व्यवस्थापनका लागि अपेक्षित लक्ष्यहरु, उक्त लक्ष्यहरु हासिल गर्नको लागि आबश्यक श्रोत साधन तथा संस्थागत क्षमता समेतको आङ्कलन लगायत सम्बन्धीत पक्षको स्पष्ट जिम्मेवारी समेत निर्दिष्ट गरी तयार भएको यस रणनीतिक कार्ययोजनाको कार्यान्वयबाट विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानीय निकायकै अग्रसरता र उपभोक्ता समुदायको सहभागितामा स्थानीय पूर्वाधारको योजनाबद्ध विकास र दिगो व्यवस्थापन तथा संचालन भै स्थानीय पूर्वाधार विकासको माध्यमबाट गरिबी न्यूनीकरणमा ठूलो सहयोग पुग्ने अपेक्षा गर्दछु ।
अन्त्यमा, यस रणनीतिक कार्ययोजनाको सफल कार्यान्वयनका लागि संबद्ध सबै पक्षका साथै दातृ निकायहरुबाट निरन्तर रुपमा सहयोग प्राप्त हुने नै छ भन्ने अपेक्षा गर्दै स्थानीय विकास मन्त्रालय तथा विभागबाट आबश्यक नीतिगत तथा प्राविधिक सहयोग निरन्तर रुपमा उपलब्ध गराईने आश्वासन सहित सम्बद्ध सबै पक्ष, खासगरी स्थानीय निकाय, बाट जिम्मेवारी पूर्वक आ-आफ्ने भूमिका प्रभावकारी रुपमा निर्वाह गरी यस रणनीतिका कार्ययोजनाले तय गरे अनुसार स्थानीय पूर्वाधारका सबै क्षेत्रहरुमा अपेक्षित लक्ष्यहरु हासिल गर्न महत्वपूर्ण योगदान प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

**राम कुमार श्रेष्ठ**
**सचिव**
**स्थानीय विकास मन्त्रालय**

# भूमिका

नेपालको अधिकांश जनसंख्या ग्रामीण क्षेत्रमा वसोवार गर्ने हुँदा गरिबी निवारणको लागि ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनताको आर्थिक तथा सामाजिक विकासका अवसर तथा सेवामा पहुँच बृद्धि गर्नु अत्यन्त आबश्यक छ । स्थानीय जनताको आर्थिक तथा सामाजिक विकासका अवसर तथा सेवामा पहुँच बृद्धि गर्नको लागि पूर्वाधार विकास र त्यसमा पनि स्थानीय पूर्वाधार विकासको महत्वपूर्ण योगदान रहने हुँदा नवौं योजना देखिनै गरिबी निवारण र पूर्वाधार विकासमा प्राथमिकता दिईंदै आएको छ ।

विकेन्द्रीकरण र स्थानीय स्व-शासनको माध्यमबाट स्थानीय तहमा पूर्वाधारहरुको विकास गर्ने जिम्मेवारी स्थानीय निकायले लिनुपर्ने व्यवस्था नेपाल सरकारको स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले गरेको छ । सो नीतिमा स्थानीय स्व-शासन प्रणाली अन्तर्गत स्थानीय निकायहरूलाई बढी क्रियाशील, जनमुखी र उत्तरदायी बनाउने उद्देश्य अनुरूप साविकमा केन्द्रीय निकायहरूबाट सञ्चालन गरिदै आएका स्थानीय स्तरका कार्यक्रमहरूको निक्षेपण गरी स्थानीय निकायहरूलाई पूर्वाधार विकास सम्बन्धी कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र मर्मत सम्भार एवं सञ्चालनको जिम्मेवारी सहित हस्तान्तरण गरिने प्रक्रिया अवलम्वन गरिएको छ । यस क्रममा केन्द्रीयस्तरबाट गरिने पूर्वाधार विकासका क्षेत्रहरु र स्थानीय स्तरबाट गरिने स्थानीय पूर्वाधारका क्षेत्रहरुको स्पष्टता सहित तीनिहरु बीचको सामञ्जस्यतामा समेत जोड दिईएको छ ।

स्थानीय पूर्वाधार विकास नीति, २०६१ मा स्थानीय पूर्वाधार अन्तर्गत सातवटा क्षेत्रहरु (स्थानीय यातायात, सिंचाई तथा नदी नियन्त्रण, लघु जलबिद्युत तथा वैकल्पिक ऊर्जा, खानेपानी, ढल निकास तथा सरसफाई, आवास भवन तथा शहरी विकास, फोहरमैला व्यवस्थापन र सामाजिक पूर्वाधार) लाई समेटीएको छ । सो नीतिमा स्थानीय पूर्वाधारका उल्लेखित क्षेत्रहरुको दिगो विकास तथा व्यवस्थापनका लागि नीतिगत व्यवस्था गरिनुका साथै स्थानीय पूर्वाधार विकास सम्वन्धी विषयगत क्षेत्रहरुको छुट्टाछुट्टै रणनीतिक कार्य योजना समेत तयार गरी लागू गर्ने प्रावधान गरिएको छ ।

स्थानीय स्तरमा उपलब्ध हुने सिमित श्रोत साधनको अधिकतम उपयोग गरी विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानीय उपभोक्ता समुदायको सहभागितामा दिगो स्थानीय पूर्वाधार विकासको लक्ष्य हासिल गर्नको लागि स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले अङ्गिकार गरेका नीति तथा रणनीति अनुसार स्थानीय पूर्वाधारका सबै क्षेत्रको योजनाबद्ध विकास तथा ब्यवस्थापनका लागि यस स्थानीय पूर्वाधार विकासको रणनीतिक कार्ययोजना तयार गरिएको छ ।

यस रणनीतिक कार्य योजना चालु आ.ब. २०६४/०६५ देखि नै शुरु हुने गरी चालु अन्तरिम योजना एवं सहश्राब्दी विकास लक्ष्य समेतलाई दृष्टिगत गरी तयार गरिएको र यसमा स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले निर्दिष्ट गरेका स्थानीय पूर्वाधार विकासका सबै क्षेत्रको प्रभावकारी विकास तथा ब्यवस्थापनका लागि अपेक्षित लक्ष्य, उद्धेश्य एवं परिणाम तथा सूचकहरुका साथै उक्त लक्ष्यहरु हासिल गर्नको लागि आबश्यक श्रोत साधन तथा संस्थागत क्षमता समेतको पहिचान सहित सम्बन्धीत पक्षको स्पष्ट जिम्मेवारी समेत निर्दिष्ट गरिएको छ । यस कार्ययोजनाको मुख्य अंशमा चालु त्रि-बर्षीय अन्तरिम योजनामा स्थानीय पूर्वाधार विकासको क्षेत्रमा तय गरिएका क्षेत्रगत लक्ष्यका साथै संस्थागत क्षमता सुदृढीकरणका पक्षलाई समावेश गरिनुका साथै दीर्घकालीन रुपमा सहश्राब्दी विकास लक्ष्यसमेतलाई

दृष्टिगत गरी सोही अनुसारका लक्ष्य तथा सूचकहरु समावेश गरिएको छ । साथै अनुसूची खण्डमा सहश्राब्दी विकास अवधीको पछिल्लो पाँच बर्षको कार्ययोजना समेत प्रस्तावित रुपमा समावेश गरिएको छ ।

यो कार्ययोजनालाई उत्कृष्टताका साथ तयार गर्न स्थानीय विकास मन्त्रालयबाट निरन्तर रुपमा प्राप्त प्रेरणा तथा सुझाबको लागि विभागको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यो कार्ययोजनालाई ब्यवहारिक तथा कार्यान्वयन योग्य बनाउन पूर्वाधार विकासमा सम्बद्ध प्राय सबै निकायहरु, विभागहरु र दातृ संस्थाहरु समेतबाट प्राप्त सुझाबहरुको लागि समेत यस विभाग आभारी छ । त्यस्तै यो रणनीतिक कार्ययोजना तयार गर्न अथक प्रयास र सक्रीयकासाथ संलग्न  यस स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DoLIDAR) का कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

यस कार्ययोजनाको तयारीको लागि बिश्व बैंक ⁄ RAIDP  को सहयोगमा संलग्न परामर्शदाताका साथै एशियाली विकास बैंकको प्राविधिक सहयोग अन्तर्गत कार्यरत संस्थागत विशेषज्ञलाई विषेश धन्यवाद दिदै यसको प्रकाशन गर्नको लागि एशियाली विकास बैंकको प्राविधिक सहयोग अन्तर्गत प्राप्त सहयोगको लागि समेत धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस रणनीतिक कार्ययोजनाको सफल कार्यान्वयनका लागि संबद्ध सरकारी निकायका साथै दातृ निकायहरुबाट निरन्तर रुपमा सहयोग प्राप्त हुने नै छ भन्ने अपेक्षा गर्दै संबन्धीत सबै पक्षबाट जिम्मेवारी पूर्वक आ-आफ्नो भूमिका प्रभावकारी रुपमा निर्वाह गरी यस रणनीतिका कार्ययोजनाले तय गरे अनुसार स्थानीय पूर्वाधारका सबै क्षेत्रहरुमा अपेक्षित लक्ष्यहरु हासिल गर्न महत्वपूर्ण योगदान प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

**धन बहादुर तामाङ्ग**
**महा-निर्देशक**
**डोलिडार**

# विषय सूची


| सि.नं. | | | विषय | पेज नं. |
|---|---|---|---|---|
| | | | कार्यकारी सारांश | १ |
| १ | | | भूमिका | ७ |
| २ | | | विद्यमान स्थिति | ८ |
| | २.१ | | स्थानीय यातायात | ८ |
| | २.२ | | सिंचाई तथा नदी नियन्त्रण | ९ |
| | | २.२.१ | साना सिंचाई | ९ |
| | | २.२.२ | नदी नियन्त्रण | ९ |
| | २.३ | | लघु जलविद्युत तथा वैकल्पिक ऊर्जा | १० |
| | २.४ | | खानेपानी, ढल निकास तथा सरसफाई | ११ |
| | २.५ | | आवास, भवन तथा शहरी विकास | ११ |
| | २.६ | | फोहरमैला व्यवस्थापन | १२ |
| | २.७ | | सामाजिक पूर्वाधार | १३ |
| ३ | | | रणनीतिक सिद्धान्त | १३ |
| ४ | | | स्थानीय पूर्वाधार विकास रणनीतिक योजना | १६ |
| | ४.१ | | लक्ष | १६ |
| | ४.२ | | उद्देश्य | १६ |
| | ४.३ | | परिणामहरु | १६ |
| ५ | | | स्रोत आवश्यकता | २३ |
| ६ | | | संस्थागत व्यवस्था | २४ |
| ७. | | | स्थानीय पूर्वाधार विकास रणनतिक कार्य योजना | २८ |
| | ७.१ | | स्थानीय यातायात रणनीतिक कार्य योजना | २९ |
| | | ७.१.१ | स्थानीय यातायात प्रणालीको बर्गीकरण | २९ |
| | | ७.१.२ | स्थानीय सडक | २९ |
| | | ७.१.३ | झोलुङ्गे पुल | ३५ |
| | | ७.१.४ | अन्य यातायात | ३९ |
| | | ७.१.५ | योजना कार्यान्वयनका लागि आवश्यक स्रोत | ४० |
| | | ७.१.६ | संस्थागत भूमिका | ४४ |

| | | | |
|---|---|---|---|
| ७.२ | | साना सिंचाई | ४७ |
| | ७.२.१ | रणनीतिक कार्य योजना | ४७ |
| | ७.२.२ | योजना कार्यान्वयनका लागि आवश्यक स्रोत | ५० |
| | ७.२.३ | संस्थागत भूमिका | ५२ |
| ७.३ | | नदी नियन्त्रण | ५५ |
| | ७.३.१ | रणनीतिक कार्य योजना | ५५ |
| | ७.३.२ | योजना कार्यान्वयनका लागि आवश्यक स्रोत | ५७ |
| | ७.३.३ | संस्थागत भूमिका | ५९ |
| ७.४ | | लघु जलविद्युत तथा वैकल्पिक ऊर्जा | ६२ |
| | ७.४.१ | रणनीतिक कार्य योजना | ६२ |
| | ७.४.२ | योजना कार्यान्वयनका लागि आवश्यक स्रोत | ६४ |
| | ७.४.३ | संस्थागत भूमिका | ६६ |
| ७.५ | | स्थानीय खानेपानी तथा सरसफाई | ६८ |
| | ७.५.१ | रणनीतिक कार्य योजना | ६८ |
| | ७.५.२ | योजना कार्यान्वयनका लागि आवश्यक स्रोत | ७३ |
| | ७.५.३ | संस्थागत भूमिका | ७५ |
| ७.६ | | आवास भवन तथा शहरी विकास | ७९ |
| | ७.६.१ | रणनीतिक कार्य योजना | ७९ |
| | ७.६.२ | योजना कार्यान्वयनका लागि आवश्यक स्रोत | ८३ |
| | ७.६.३ | संस्थागत भूमिका | ८५ |
| ७.७ | | फोहरमैला व्यवस्थापन | ८८ |
| | ७.७.१ | रणनीतिक कार्य योजना | ८८ |
| | ७.७.२ | योजना कार्यान्वयनका लागि आवश्यक स्रोत | ९१ |
| | ७.७.३ | संस्थागत भूमिका | ९३ |
| ७.८ | | सामाजिक पूर्वाधार | ९६ |
| | ७.८.१ | रणनीतिक कार्य योजना | ९६ |
| | ७.८.२ | योजना कार्यान्वयनका लागि आवश्यक स्रोत | ९९ |
| | ७.८.३ | संस्थागत भूमिका | १०० |
| | | अनुसुची : प्रस्तावित स्थानीय पूर्वाधार विकास रणनीतिक कार्ययोजना (०६७/६८-०७१/७२) | |

# कार्यकारी सारांश

## १. परिचय

विकेन्द्रीकरण र स्थानीय स्व-शासनको माध्यमबाट स्थानीय तहमा पूर्वाधारहरुको विकास गर्ने जिम्मेवारी स्थानीय निकायले लिनुपर्ने व्यवस्था स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले गरेको छ। सो नीतिको बुँदा ७.९ ले स्थानीय पूर्वाधार विकास सम्वन्धी विषयगत कार्यक्रमहरुको छुट्टाछुट्टै रणनीतिक कार्य योजना तयार गरी लागू गर्ने प्रावधान गरेकोछ।

स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले स्थानीय पूर्वाधार अन्तर्गत निम्न क्षेत्रहरु समावेश गरेको छः

(क) स्थानीय यातायात
(ख) सिंचाई तथा नदी नियन्त्रण
(ग) लघु जलबिद्युत तथा वैकल्पिक ऊर्जा
(घ) खानेपानी, ढल निकास तथा सरसफाई
(ङ) आवास भवन तथा शहरी विकास
(च) फोहरमैला व्यवस्थापन
(छ) सामाजिक पूर्वाधार

## २. बिद्यमान नीतिगत स्थिति

राष्ट्रिय यातायात नीति, २०५८ ले सडक यातायात अन्तर्गत स्थानीय सडक प्रणालीलाई जिल्ला सडक, गाउँ सडक, कृषि सडक तथा मूख्य पैदल मार्गको रुपमा वर्गिकरण गरी स्थानीय सडक तथा शहरी सडक कार्यक्रमहरु जिल्ला विकास समिति तथा नगरपालिकाबाट कार्यान्वयन हुने प्रावधान गरे अनुरुप स्थानीय यातायात प्रणाली सम्वन्धी अधिकांश कार्यक्रम निक्षेपण भई स्थानीय निकायहरुले कार्यान्वयन गरिरहेका छन्।

राष्ट्रिय जल योजना, २०६१ मा जल सम्वन्धी सेवा तथा सुविधा स्वायत्त तथा जवाफदेही संस्था (निजी, सार्वजनिक, समुदाय तथा जल सम्वद्ध निकाय) मार्फत विकेन्द्रित गरिने प्रावधान छ। सिंचाई नीति, २०६० ले साना सिंचाई आयोजनाको तर्जुमा, निर्माण र व्यवस्थापनमा स्थानीय निकाय र उपभोक्ता समितिको जिम्मेवारी हुने प्रावधान गरेको छ। जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२ मा जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यमा स्थानीय निकाय तथा उपभोक्ता समितिलाई संलग्न गराउने प्रावधान छ। स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले साना सिंचाई अन्तर्गत पहाडमा २५ हेक्टर र तराईमा २०० हेक्टर सम्मका सिंचाई आयोजना, भूमीगत जल आयोजना जस्तै स्यालो ट्यूबवेल, रोअर पम्प, ट्रेड्लर पम्प र एउटै जिल्ला भित्रका नदी, खोला, खोल्साहरुको नदी नियन्त्रण सम्वन्धी कार्यक्रम स्थानीय निकायले संचालन गर्ने व्यवस्था गरेकोछ। साना सिंचाई तथा नदी नियन्त्रण कार्यक्रम हालसम्म निक्षेपण भएको छैन।

ग्रामीण ऊर्जा नीति, २०६३ ले ग्रामीण ऊर्जा विकासमा स्थानीय निकायको नेतृत्वदायी भूमिका अभिवृद्धि गर्ने नीतिगत व्यवस्था गरेकोछ। स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले ५०० किलोवाट सम्मका लघु जलविद्युत उत्पादन तथा वितरण र वैकल्पिक ऊर्जा सम्बन्धी सबै विकास कार्य स्थानीय निकायले संचालन गर्ने व्यवस्था गरेकोछ। तथापि हालसम्म ग्रामीण उर्जा सम्वन्धी सवै कार्यक्रमहरु स्थानीय निकायको समन्वय तथा सहयोगमा संचालन हुन सकेका छैनन।

खानेपानी तथा सरसफाई राष्ट्रिय नीति, २०६० ले ग्रामीण क्षेत्रमा १,००० जनसंख्या सम्मका लागि संचालन हुने खानेपानी तथा सरसफाई कार्यक्रमहरु स्थानीय निकाय मार्फत संचालन गर्ने प्रावधान गरेको छ। स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले खानेपानी, ढल निकास तथा सरसफाई अन्तर्गत स्थानीयस्तरमा संचालन गरिने खानेपानी आयोजना, ढल

निकास र व्यक्तिगत, घरायसी तथा सामुदायिक सरसफाई एवं वातावरणको सुधार सम्वन्धी कार्य  स्थानीय निकायले गर्ने गरी तोकेकोछ । हालसम्म खानेपानी तथा ढल निकास विभागबाट सञ्चालन भै आएका ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमहरु आंशिक रुपमा स्थानीय निकायलाई हस्तान्तरण भएकोछ । ग्रामीण खानेपानी तथा सरसफाई कोषबाट संचालन हुने कार्यक्रमहरु स्थानीय निकाय संग सम्बद्ध भई संचालन हुन सकेका छैनन ।

राष्ट्रिय आवास नीति, २०५३ ले पूर्वाधार सेवा, सुविधा सम्बन्धी स्रोतहरुको परिचालन, निर्माण, वितरण, व्यवस्थापन र मर्मत संभार सम्बन्धी कार्यहरुको जिम्मेवारी, उत्तरदायित्व र अधिकारहरु विकेन्द्रित गर्नुका साथै आवास सुधार कार्यक्रम तथा पूर्वाधार सेवाहरुको विकास र विस्तार कार्यमा निजी क्षेत्र तथा जनसहभागितालाई प्रोत्साहन गर्ने व्यवस्था गरेकोछ । स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले आवास भवन तथा शहरी विकास बिषय अन्तर्गत ग्रामीण वस्ती विकास कार्यक्रम अन्तर्गत छरिएका वस्तीहरुलाई झुण्डमा राख्ने कार्यक्रम, नगरपालिका तथा नगरोन्मूख क्षेत्रमा भौतिक योजना सम्वन्धी सम्पूर्ण कार्य, तथा प्रकोप सम्वन्धी पूर्व तयारी र जनचेतना अभिबृद्धि गर्ने कार्यक्रम स्थानीय निकायले गर्नेगरी तोकेकोछ ।  हालसम्म आवास भवन तथा शहरी विकास कार्यक्रम निक्षेपण भएको छैन ।

फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०५३ ले फोहरमैला व्यवस्थापनको कार्य सरल बनाउने, फोहरमैलाबाट उत्पन्न हुने वातावरणीय प्रदुषण न्यून गर्ने, फोहरमैलालाई स्रोतको रुपमा परिचालन गर्ने र सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गर्ने उद्देश्य निर्धारण गरेकोछ । स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले फोहरमैला व्यवस्थापन अन्तर्गत फोहरमैला संकलन, पृथक्किकरण, ओसार पसार, कम्पोष्ट प्लाण्ट र सेनिटरी ल्याण्ड फिल साइट विकास तथा सञ्चालन सम्वन्धी कार्यक्रम स्थानीय निकायको कार्य अन्तर्गत समावेश गरेकोछ । यसरी फोहरमैला व्यवस्थापन कार्यक्रम स्थानीय निकायहरुले तर्जुमा, कार्यान्वयन तथा संचालन गर्नुपर्ने नीतिगत प्रावधान भएकोछ तथापी यस्ता कार्यक्रम प्रभावकारी रुपमा व्यवस्थापन हुन सकेका छैनन् ।

स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले सामाजिक पूर्वाधार अन्तर्गत स्थानीय क्षेत्रका सामुदायिक र सार्वजनिक भवन (सरकारी कार्यालय, स्वास्थ्य, शिक्षा, सामुदायिक, मनोरञ्जन, पुरातात्विक, सांस्कृतिक, धार्मिक आदि) निर्माण, सञ्चालन एवम् मर्मत तथा सम्भार सम्बन्धी कार्यक्रम समावेश गरेको छ । सामाजिक पूर्वाधार विकास कार्यक्रम केन्द्रियस्तरका निकायहरु तथा स्थानीय निकायहरु बाट माग तथा आवश्यकताको आधारमा कार्यान्वयन भएका छन् । यस्ता कार्यक्रम निक्षेपण गर्ने सम्वन्धी नीतिगत व्यवस्था भएको छैन ।

बिद्यमान नीति नियम अनुसार केन्द्रियस्तरबाट स्थानीयस्तरमा निक्षेपण भै स्थानीय निकायबाट संचालन भैरहेका  तथा निक्षेपण हुनुपर्ने स्थानीय पूर्वाधार कार्यक्रमहरुलाई मुख्य आधार मानी यो रणनीतिक कार्य योजना तयार   गरिएकोछ ।

## ३. रणनीतिक सिद्धान्त

स्थानीय पूर्वाधार विकासमा योजनाबद्ध पद्धति अवलम्वन गरिने, सूचना प्रणाली अद्यावधिक गरी योजना तर्जुमा तथा निर्णय प्रक्रियामा भू-सूचना पद्धतिको उपयोग गरिने, गुणस्तर सुनिश्चितताको लागि संस्थागत संरचनाको स्थापना तथा प्रणालीगत प्रक्रिया अवलम्वन गरिने, पूर्वाधार विकासको अभिन्न अंगको रुपमा  सामाजिक परिचालन गरिने, सहभागितामूलक समावेशी विकास अवधारणा अवलम्वन गरिने, स-साना प्रविधि अनुसन्धान विकास तथा हस्तान्तरण एवं प्रचार प्रसार गरिने, मर्मत संभार प्रणाली संस्थागत गरी दिगो पूर्वाधार विकास गरिने, पारदर्शी तथा जवाफदेहीपूर्ण अनुगमन तथा मूल्याङ्कन गरिने, कार्य सम्पादनको आधारमा स्थानीय पूर्वाधार विकासको लागि थप स्रोत विनियोजन गरिने, संस्थागत विकास तथा जनशक्ति विकासमा प्राथमिकता दिइने, स्थानीय पूर्वाधार निर्माण एवं मर्मत संभार तथा संचालनमा सम्मानजनक कार्य वातावरण सुनिश्चित गरिने र संभावनाको आधारमा स्थानीय पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारी तथा सहकार्य गरिने जस्ता सिद्धान्त अवलम्वन गरिनेछ ।

## ४. लक्ष्य एवं उद्देश्य

स्थानीय पूर्वाधारको उपयोग बाट जनताको जिविकोपार्जनमा सुधार भई गरिवी न्यूनिकरण गर्नु स्थानीय पूर्वाधार विकासको लक्ष हुनेछ ।

स्थानीय भौतिक तथा सामाजिक पूर्वाधार विकासको माध्यमबाट महिला, अपाङ्ग, पिछडिएका, उत्पिडित, उपेक्षित एवं दलित वर्ग सहितका स्थानीय जनताहरुको सामाजिक सेवा, आर्थिक अवसर र स्रोतको पहुँचमा अभिबृद्धि गर्नु स्थानीय पूर्वाधार विकासको उद्देश्य हुनेछ ।

## ५. नतिजाहरु

स्थानीय पूर्वाधार विकासबाट निम्न परिणाम तथा उपलव्धि हुनेछ :

**परिणाम १:** दिगो स्थानीय यातायात प्रणाली बिस्तार तथा स्तरोन्नती भई सेवा, स्रोत र बजारसम्म जनताको पहुँचमा सुधार हुनेछ ।

सो परिणाम प्राप्त गर्न करिब ७००० कि.मि.ग्रामीण सडकको बाह्रै महिना संचालन हुने गरी स्तरोन्नती तथा पुनस्थापना गरिने र थप २००० कि.मि. नयाँ माटे सडकको निर्माण गरि आ.व. ०६६-६७ सम्ममा कूल सडक लम्बाई १९००० कि.मि. पुर्याईने छ । साथै चालु हालतको १२००० कि.मि. सडकको नियमित र आवधिक मर्मत संभार गरिने छ । करिब १५०० कि.मि. घोडेटो गोरेटो बाटो निर्माण तथा मर्मत संभारका साथै स्थानीय तथा मुख्य मार्गमा १००० वटा थप झोलुङ्गे पुलको निर्माण र ७१ वटा मुख्य मार्गमा रहेका झोलुङ्गे पुलको वृहत मर्मत र ३५०० वटा झोलुङ्गे पुलको साधारण मर्मत गरिनेछ । यस अवधिमा ५० जिल्लामा एकीकृत पहुँच योजना (IRAP) तयार गरी यातायात गुरुयोजनाहरुको अद्यावधिक गरिनेछ । स्थानीय स्तरका रज्जु मार्ग र जल यातायात सम्बन्धी संभाव्यता अध्ययन पनि गरिनेछ । स्थानीय सडक निर्माण योजनामा विनियोजित बजेटको १० प्रतिशत रकम मर्मत संभारमा विनियोजन गरी ग्रामीण सडकको दिगो विकास गरिनेछ । गुणस्तरीय स्थानीय यातायात विकासको लागि आवश्यक कार्यविधि/ मार्गदर्शन/ निर्देशिका तयारी/अद्यावधिक एवं कार्यान्वयन गरिनेछ । साथै स्थानीय यातायात कार्यक्रमसँगै कम्तिमा १० प्रतिशत रकम सहायक पूर्वाधारका पूरक कार्यक्रम कार्यान्वयन गर्न विनियोजन गरिनेछ ।

दीर्घकालीन रुपमा आ. व. ०७१।७२ सम्ममा कूल ग्रामीण सडकको लम्बाई ३०,००० कि. मि. पुऱ्याइनेछ । बर्षैभरी संचालन हुने सडकसम्म ८५ प्रतिशत ग्रामीण जनताको पहुँच पहाडमा ४ घण्टा र तराइमा २ घण्टाको पैदल यात्रा भित्र हुने गरी ग्रामीण सडक निर्माण तथा स्तरोन्नती गरिनेछ ।

**परिणाम २:** मागमा आधारित कृषक व्यवस्थित साना तथा सहकारी सिंचाई प्रणाली विकास, बिस्तार तथा सुधार गरी सिंचाई योग्य जमिनमा आवश्यक परेको बेला भरपर्दो रुपमा पर्याप्त पानी उपलव्ध हुनेछ ।

सोको लागि आ.व. ०६६/६७ सम्ममा २५ वटा जिल्लामा साना सिंचाई तथा जल नियन्त्रण जिल्ला गुरु योजना तयार गरिने छ । गुणस्तरीय साना सिंचाई विकासको लागि आवश्यक कार्यविधि/ मार्गदर्शन/ निर्देशिका तयारी/अद्यावधिक एवं कार्यान्वयन गरिनेछ । मागको आधारमा भूमिगत लगायत आधुनिक (Non-conventional) सिंचाई प्रणाली तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

साथै उल्लेखित परिणाम प्राप्त गर्न आ.व. ०७१।७२ सम्ममा विकेन्द्रित पद्धती अनुरुप निर्माण तथा कृषक व्यवस्थित साना तथा सहकारी सिंचाइ प्रणाली बाट थप १६,००० हेक्टर जमिन सिंचित गरिने लक्ष्य राखिएको छ ।

**परिणाम ३:** सामुदायिक सहभागितामा स्थानीयस्तरमा जल उत्पन्न प्रकोप न्यूनिकरण तथा व्यवस्थित हुनेछ ।

माथि उल्लेखित परिणाम प्राप्त गर्न आ. व. ०६६।६७ सम्ममा जिल्लाका सबै जल उत्पन्न प्रकोप नियन्त्रण गर्नु पर्ने जोखिमपूर्ण क्षेत्रहरु नक्साङ्कन गरिनेछ । आ. व. ०६७।६८ सम्ममा जिल्लाका सबै जोखिम क्षेत्रका समुदायहरु तयारी तथा आपत्कालीन उद्धार एवं रोकथाम कार्यमा संलग्न हुनेछन । आ. व. ०६७।६८ देखि जिल्लागत रुपमा जल उत्पन्न प्रकोपबाट खेतीयोग्य जग्गाको उकास गरी लगत उपलब्ध गराइनेछ ।

**परिणाम ४:** ग्रामीण क्षेत्रमा स्वच्छ, भरपर्दो र उपयुक्त नविकरणीय ग्रामीण ऊर्जाको आपूर्ति भई बातावरण संरक्षण तथा ग्रामीण आर्थिक अवसरमा सुधार हुनेछ ।

आ.व. ०६६/६७ सम्ममा ४५ जिल्लामा लघु जलविद्युत तथा वैकल्पिक उर्जा सम्बन्धी प्रोफाईल तयार गरिनेछ । उक्त जिल्लाहरुमा वैकल्पिक उर्जाको कार्यान्वियन गर्न स्थानीय निकायको क्षमता अभिवृद्धि गरिनेछ । आ. व. ०६५।६६ देखि सबै ग्रामीण ऊर्जा कार्यक्रम जिल्लाका सामाजिक तथा आर्थिक विकास कार्यक्रमसँग आवद्ध गरी ग्रामीण आर्थिक अवसरहरुमा सुधार गरिनेछ । ग्रामीण ऊर्जा विकासको लागि ग्रामीण ऊर्जाको क्षेत्रमा सहयोग गर्ने संस्थाहरु सँग समन्वय तथा सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ । साथै दिर्घकालीन रुपमा आ. व. ०७१।७२ सम्ममा लघु जलबिद्युत २५,००० किलोवाट, सौर्य विद्युत प्रणाली २ लाख गोटा, सुधारिएको चुल्हो, ७ लाख जैविक ग्यास १ लाख ५० हजार र ८००० गोटा सुधारिएको पानी घट्ट उत्पादन तथा वितरण गरिने लक्ष्य राखिएको छ ।

**परिणाम ५:** दिगो रुपमा पर्याप्त र स्वच्छ खानेपानी तथा सरसफाई सेवा सुविधामा जनताको समतामूलक पहुँच सुनिश्चित हुनेछ ।

आ.व. ०६६-६७ सम्ममा ८०० वटा क्रमागत ग्रामीण खानेपानी तथा सरसफाई सम्बन्धी योजनाहरु सम्पन्न गरी थप ७ लाख जनसंख्या लाभान्वित हुनेछन् । ग्रामीण जनतालाई सरसफाई सेवा प्रदान गर्न खानेपानी तथा सरसफाई कार्यक्रम एकिकृत रुपमा संचालन गरिनेछ । सबै ग्रामीण खानेपानी आयोजनाको मर्मत संभार तथा संचालनमा समुदायलाई जिम्मेवार वनाइनेछ । गुणस्तरीय खानेपानी तथा सरसफाई विकासको लागि आवश्यक कार्यविधि/ मार्गदर्शन/ निर्देशिका तयारी तथा अद्यावधिक गरी कार्यान्वयन गरिनेछ । खानेपानी तथा सरसफाई कार्यक्रमसँगै कम्तिमा १० प्रतिशत रकम सहायक पूर्वाधारका पूरक कार्यक्रम कार्यान्वयन गर्न विनियोजन गरिनेछ ।

दिर्घकालीन रुपमा आ. व. ०७१।७२ सम्ममा थप ११५० वटा ग्रामीण तथा नगर स्तरीय खानेपानी तथा सरसफाई सम्बन्धी योजनाहरु समेत सम्पन्न गरी देशभरका शतप्रतिशत ग्रामीण जनतालाई बढीमा ३० मिनेटमा (Fetching Time समेत) खानेपानी सुविधा उपलब्ध गराइने लक्ष्य लिईएको छ ।

**परिणाम ६:** स्थानीयस्तरका (स्थानीय निकाय अन्तर्गतका) ग्रामीण बस्ती विकास तथा योजनाबद्ध शहरीकरण गरी जनतालाई व्यवस्थित रुपमा आवास तथा शहरी सेवा सुविधा उपलब्ध हुनेछ ।

सो परिणाम प्राप्त गर्न नगरस्तरीय कार्यक्रम योजनाबद्ध गरिनेछ । नगरपालिका तथा नगरोन्मूख गा. वि. स.मा न्यूनतम भौतिक पूर्वाधारको निर्माण, सुदृढीकरण तथा पूर्नस्थापन गरिनेछ । आ.व. ०६६-६७ सम्ममा नगरपालिकामा करीब २४० वटा भौतिक पूर्वाधार विकास सम्बन्धी योजना र ५३ नगरपालिकामा आधारभुत न्युनतम सेवा सुधारको लागि सहयोग गरिनेछ । यस्ता पूर्वाधारको गुणस्तरीयता कायम राख्नका लागि कार्यविधि/मार्गदर्शन/निर्देशिका तयारी तथा अद्यावधिक गरी कार्यान्वन गरिनेछ । स-साना प्रविधि हस्तान्तरण, अनुसन्धान तथा विकास गरी वस्ती विकास कार्यक्रम संचालन गरिनेछ । नगरभित्रका अव्यवस्थित वस्तीहरुमा भौतिक पूर्वाधार विकास गर्ने, नगरपालिका भित्र व्यवस्थित बजारको विकास गर्ने, नगरस्तरीय पूर्वाधारको मर्मत

संभार तथा संचालन प्रणाली स्थापना गर्ने, प्रकोप व्यवस्थापन सम्वन्धी कार्य गर्नुको साथै नगरपालिकाको तथ्याङ्क व्यवस्थित गरिनेछ ।

**परिणाम ७:** जनसहभागिताको माध्यमबाट शहरी क्षेत्रमा (नगरपालिका र नगरोन्मूख गा. वि. स.) उत्पादन हुने फोहर तथा फोहरजन्य पदार्थको व्यवस्थापनबाट वातावरण संरक्षण गरी जनस्वास्थ्य सुधारमा सहयोग पुग्नेछ ।

सोका लागि आ.व. २०६६-६७ सम्ममा ५० नगरपालिकामा स्यानीटरी ल्याण्डफिल साईटको विस्तृत अध्ययन र नगरपालिकाको मागको आधारमा ल्याण्डफिल्ड साईट निर्माण गरिनेछ । सबै नगरपालिका तथा नगरोन्मुख क्षेत्रहरुमा व्यवस्थित फोहोर निष्काशन गर्न विभिन्न जनचेतना र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । उक्त अवधिमा १२ कि.मि. ल्याण्डपिल साइटको निम्ति प्रवेशमार्गको निर्माण तथा १४ हेक्टर ल्याण्डफिल साईट निर्माण गरिने छ ।

दीर्घकालीन रुपमा आ.व. ०७१।७२ सम्ममा ४० बटा नगरपालिकामा सेनिटरी ल्याण्डफिल साइट विकास गरी फोहरमैला व्यवस्थापन गरिनेछ । १५ बटा नगरपालिकामा कम्तिमा २५% फोहरमैलाको व्यवस्थापन निजी क्षेत्र वा समुदायले गर्नेछन । फोहरमैलालाई स्रोतको रुपमा उपयोग गरी २० बटा नगरपालिकाले फोहरमैला प्रशोधनको लागि प्रबर्द्धनात्मक कार्य गर्नेछन । कम्तिमा १५ वटा नगरपालिकामा फोहरमैला निष्कासनको आधारमा शुल्क लगाइनेछ ।

**परिणाम ८:** स्थानीयस्तरका सामाजिक पूर्वाधारको निर्माण, मर्मत संभार, संरक्षण र संबर्द्धन गरिनेछ ।

उल्लेखित परिणाम प्राप्त गर्न आ.ब. ०६६-६७ सम्ममा जि.वि.स. एवं गा.वि.स. तहमा १२००० गोटा भौतिक तथा सामाजिक पूर्वाधार योजनाहरुको निर्माण तथा पुनस्थापना गरिनेछ । सबै स्थानीय निकायमा सामाजिक, पर्यटकीय स्थल, ऐतिहासिक, सास्कृतिक तथा धार्मिक धरोहरको लगत तयार गरी निर्माण, मर्मत संभार, संरक्षण तथा संचालन गरिनेछ । साथै आ.व. ०७१।७२ सम्ममा द्वन्दबाट क्षती भएका समेत गरी स्थानीय निकायका १७१० भवन तथा भवनजन्य पूर्वाधारहरुको पूर्नस्थापना गरिनेछ ।

## कार्य योजनाका सीमा, पूर्वानुमान तथा जोखिमहरु :

१. यस कार्य योजना लाई नेपाल सरकारको प्रस्तावित अन्तरिम योजना र दिर्घकालिन रुपमा सहश्राब्दी विकास लक्ष्यलाई समेत ध्यानमा राखी तयार गरिएकोले सो अनुसार आबश्यक श्रोतको प्रक्षेपण गरिएको छ ।

२. यस योजनामा स्थानीय पूर्वाधार विकास नीति, २०६१ अनुसार स्थानीय पूर्वाधार क्षेत्रका सबै उप-क्षेत्रहरु स्थानीय निकायमा उपलब्ध श्रोत र साधन सहित निक्षेपण भै कार्यान्वयन हुनेछन् भन्ने अनुमान सहित भौतिक लक्ष्य र श्रोतको प्रक्षेपण गरिएको छ ।

३. यस योजनाको कार्यान्वयनमा स्थानीय निकाय (जि.वि.स., न.पा., गा.वि.स.) को महत्वपूर्ण भूमिका हुने हुँदा स्थानीय निकायमा पदाधिकारीहरुको ब्यवस्था, संबन्धित स्थानीय तथा केन्द्रीय निकायहरुको क्षमता विकास तथा कार्यान्वयनका लागि अनुकुल वातावरण भै योजनाको कार्यान्वयन प्रभावकारी रुपमा हुने अनुमान गरिएको छ ।

४. स्थानीय पूर्वाधारको क्षेत्रमा नेपाल सरकारको प्राथमिकता तथा दातृ संस्थाहरुको सहयोग विद्यमान अवस्था अनुसार निरन्तर रुपमा प्राप्त हुने र प्रक्षेपित लक्ष्य अनुसारका कार्यक्रम संचालनका लागि पाईप लाईनमा रहेका प्रस्तावित योजनाका साथै अन्य थप श्रोतहरुको समेत पहिचान तथा प्राप्ती हुने अनुमान गरिएको छ ।

५. यस योजनालाई बढी भन्दा बढी बस्तुपरक बनाउन यसको कार्यान्वयनका क्रममा प्राप्त वास्तविक उपलब्धी, क्षमता तथा श्रोतको आधारमा बार्षिक रुपमा अनुगमन तथा समीक्षा गरी अध्यावधिक गर्नु पर्ने देखिन्छ ।

## ६. लगानी

स्थानीय पूर्वाधार विकास रणनीतिक कार्य योजना कार्यान्वयन गर्न आ. व. ०६२।६३ को मूल्यमा निम्नानुसार लगानी आवश्यक पर्नेछ ।

"रु. दश लाखमा"

| स्थानीय पूर्वाधार क्षेत्र | लगानी आवश्यकता | | | | |
|---|---|---|---|---|---|
| | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | जम्मा | ०६७।६८ देखि ०७१।७२ |
| स्थानीय यातायात | १०७३७ | १३८७२ | १७५६० | ४२१६९ | ७८५३० |
| साना सिंचाई | १५० | १८५ | २४० | ५७५ | १६५० |
| नदी नियन्त्रण | ५ | २० | १५ | ४० | २२२० |
| लघु जलविद्युत तथा वैकल्पिक ऊर्जा | १०३७ | १०३९ | १०४७ | ३१२३ | २९४० |
| खानेपानी, ढल निकास तथा सरसफाई | १४३१ | २६७८ | ४०३९ | ८१४८ | १०९१५ |
| आवास, भवन तथा शहरी विकास | २८० | ५१२ | ५२० | १३१२ | ४७१२ |
| फोहरमैला व्यवस्थापन | ५६० | ७१५ | ७७५ | २०५० | ३५२० |
| सामाजिक पूर्वाधार | ५३६ | ७५६ | ७६६ | २०५८ | २१८५ |
| **जम्मा** | **१४७३६** | **१९७७७** | **२४९६२** | **५९४७५** | **१०६६७२** |
| **उपलब्ध स्रोत** | | | | | |
| नेपाल सरकार | १८९५ | २०७० | २३३० | ६२९५ | १४४७५ |
| स्थानीय निकाय | २४४९ | २४८५ | २५१६ | ७४५० | १४७५० |
| दातृसंस्था | ३६४० | ३१५० | २७०० | ९४९० | १४९०० |
| गै स स | ७५ | ९० | ९८ | २६३ | ५२५ |
| **जम्मा** | **८०७४** | **७८१०** | **७६५९** | **२३५४३** | **४४९५०** |
| **नपुग स्रोत** | **६६६२** | **११९६७** | **१७३०३** | **३५९३२** | **६१७२२** |

# स्थानीय पूर्वाधार विकासको रणनीतिक कार्य योजना

(०६४/६५०६६/६७)

## १. भूमिका

स्थानीय स्वायत्त शासन ऐन, २०५५ लागु भएपछि स्थानीय निकायहरुको अधिकार क्षेत्र, श्रोतको व्यवस्था र परिचालनमा हुने व्यापकताले यी निकायहरुको राष्ट्रिय विकासमा महत्वपूर्ण योगदान हुने निश्चित छ। स्थानीय स्वायत्त शासन प्रणाली अन्तर्गत स्थानीय निकायहरुलाई बढी क्रियाशील, जनमुखी र जवाफदेही बनाउने उद्देश्य अनुरुप साविकमा केन्द्रीय निकायहरुबाट सञ्चालन गरिएका कार्यक्रमहरु निक्षेपण गरी स्थानीय निकायहरुलाई अन्य क्षेत्र लगायत पूर्वाधार विकास सम्बन्धी कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार र सञ्चालनको जिम्मेवारी सहित हस्तान्तरण गरिने प्रकृया अवलम्बन गरिएको छ । केन्द्रीयस्तरवाट गरिने पूर्वाधार विकासका कार्यक्रमहरु र स्थानीय निकायहरुवाट गरिने स्थानीयस्तरका पूर्वाधार विकासका कार्यक्रमहरु बीच सामञ्जस्यता अपरिहार्य छ। यसै सन्दर्भमा विकेन्द्रीकरण र स्थानीय स्व-शासनको माध्यमबाट स्थानीय तहमा पूर्वाधारहरुको विकास गर्ने जिम्मेवारी स्थानीय निकायले लिनुपर्ने व्यवस्था स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले गरेको छ । सो नीतिको बुँदा ७.९ ले स्थानीय पूर्वाधार विकास सम्बन्धी विषयगत कार्यक्रमहरुको छुट्टाछुट्टै रणनीतिक कार्य योजना तयार गरी लागू गर्ने प्रावधान गरे अनुरुप यो रणनीतिक कार्य योजना तयार गरिएको छ।

स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले स्थानीय पूर्वाधार अन्तर्गत निम्न क्षेत्रहरु समावेश गरेकोछः

(क) स्थानीय यातायात
(ख) सिंचाई तथा नदी नियन्त्रण
(ग) लघु जलबिद्युत तथा वैकल्पिक ऊर्जा
(घ) खानेपानी, ढल निकास तथा सरसफाई
(ङ) आवास भवन तथा शहरी विकास
(च) फोहरमैला व्यवस्थापन
(छ) सामाजिक पूर्वाधार

रणनीतिक कार्य योजना तयार गर्दा निम्न आधारहरु लिइएको छः

क) आफ्नै स्रोत तथा नेपाल सरकार वा अन्य संस्थाबाट अनुदान प्राप्त गरी स्थानीय निकायले जिल्लाहरुमा संचालन गर्ने कार्यक्रमहरु,

ख) विषयगत मंत्रालय/बिभागको बिद्यमान नीति नियम अनुसार निक्षेपण भई स्थानीय निकायबाट संचालन भैरहेका तथा निक्षेपण हुनुपर्ने कार्यक्रमहरु, र

ग) स्थानीय निकाय तथा अन्य सरकारी, गैर सरकारी तथा निजी संस्था बीचको सहयोग तथा समन्वयमा संचालन हुने कार्यक्रमहरु।

## २. विद्यमान स्थिति

### २.१. स्थानीय यातायात

राष्ट्रिय यातायात नीति, २०५८ ले सडक यातायात अन्तर्गत स्थानीय सडक प्रणालीलाई जिल्ला सडक, गाउँ सडक, कृषि सडक तथा मूख्य पैदल मार्गको रुपमा वर्गिकरण गरेकोछ । शहरी सडक प्रणाली अन्तर्गत नगरपालिका भित्रका सडक तथा नगर विकास समिति भित्रको सडक वर्गिकरण भएकोछ । सो नीतिले स्थानीय सडक प्रणालीको निर्माण तथा मर्मत संभार स्थानीय विकास मन्त्रालयको तर्फबाट स्थानीय पूर्वाधार विकास तथा कृषि सडक बिभागले तथा शहरी सडकको निर्माण तथा मर्मत संभार नगरपालिकाले सम्पन्न गर्ने उल्लेख गरेकोछ । राष्ट्रिय यातायात नीति, २०५८ अनुसार स्थानीय सडक प्रणालीको विकासवाट राष्ट्रिय सडक संजालमा सामञ्जस्य भई राजमार्ग तथा सहायक राजमार्गको प्रभावकारीता वढाउन सहयोग पुग्नेछ ।

ग्रामीण सडक मापदण्ड, २०५५ अनुसार महत्वको आधारमा ग्रामीण सडकलाई जिल्लास्तरीय सडक, ग्रामीण एवं कृषि सडक, शहरी सडक, घोडेटो बाटो, गोरेटो बाटो र रोपवे गरी पाँच श्रेणीमा वर्गिकरण गरेकोछ ।

स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले स्थानीय यातायात अन्तर्गत स्थानीयस्तरमा जिल्ला एवं ग्रामीण/कृषि सडक, शहरी सडक, हेलिप्याड, झोलुङ्गे पुल, जिल्ला एवं ग्रामीण सडकमा पर्ने पुल पुलेसा, कलभर्ट, गोरेटो, घोडेटो, रज्जुमार्ग, तुइन, केवलकार र ऱ्याफ्टिङ सम्बन्धी कार्यक्रम समावेश गरेकोछ ।

सर्वयाम सवारीसाधन संचालन हुने सडकसम्मको पहुँचका हिसावले पहाडी भेगमा ३९% जनताको लागि ४ घण्टाको पैदल यात्राभित्र तथा तराईमा १३ प्रतिशत जनताको लागि २ घण्टाको पैदल यात्राभित्र सर्वयाम मोटर चल्ने सडक सुविधा उपलव्ध छैन । त्यसमा पनि मध्य पश्चिमाञ्चल, सुदुर पश्चिमाञ्चल र पूर्वाञ्चल विकास क्षेत्रमा पहुँच स्थितिमा निकै सुधार गर्नुपर्ने अवस्था छ ।

ग्रामीण सडकहरुको निर्माण तथा मर्मत संभार एवं संचालन कार्य धेरै अगाडी देखि हुँदै आएको भएपनि विगतको दशकमा यसको विकासमा निकै बढोत्तरी भएकोछ । उचित मापदण्ड र योजनावद्ध नभएको कारण यस्को गुणस्तरमा कमी रहेकोछ । स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको स्थापनापछि जिल्ला यातायात गुरु योजना तयार गर्ने कार्य थालनी भई हालसम्म ६२ वटा जिल्लाको जिल्ला यातायात गुरु योजना तयार भैसकेकोछ । यस अन्तर्गत ग्रामीण सडक प्रणालीको योजनावद्ध कार्यान्वयन र गुणस्तरयुक्त वनाउने कार्य भएकोछ । ग्रामीण सडक निर्माण तथा मर्मत संभार एवं संचालन कार्य व्यवस्थित गर्न जिल्ला यातायात गुरु योजना अनुरुप स्थानीयस्तरको सडक आवश्यकता र लगानी व्यवस्थित गरिँदै आएकोछ ।

जिल्ला यातायात गुरु योजना तथा शहस्राव्दी विकास लक्ष अनुसार वि.सं. २०७२ साल सम्ममा देशमा ३०,००० स्थानीय सडक निर्माण गर्नु पर्नेछ । हालसम्म २२,००० कि.मि. ग्रामीण सडक निर्माण भएको तथ्याङ्क छ । सो मध्ये ११,१८० कि.मि. सडक मात्र मोटर गुडन योग्य रहेका छन् त्यसमा पनि सर्वायाम सवारी संचालन हुने सडकको लम्वाई ४,००० कि.मि. मात्र रहेको छ र वांकी ७,१८० कि..मि. सडक मौसमी छन् । त्यसैले मौसमी संचालनमा रहेका ७,१८० कि.मि. सडकलाई सर्वयाम सवारी संचालन योग्य वनाउनु पर्ने छ भने लगानी भएका तर सवारी साधन संचालन हुन नसकेका १०,८२० कि.मि. सडकलाई मौसमी रुपमा भए पनि सवारी साधन गुडन योग्य वनाउन पुनःस्थापन कार्य गर्नु पर्नेछ । शहस्राव्दी विकास लक्ष अनुसारको ३०,००० कि.मि. लक्ष्य पुरा गर्न माथि उल्लेख गरेका वाहेक थप ८,००० कि.मी. कच्ची सडक नयाँ निर्माण गर्नु पर्नेछ । निर्मित ग्रामीण सडकमा पुलको निर्माण हुन नसकेका कारण पनि कतिपय सडकहरु मौसमीरुपमा मात्र संचालनमा छन त्यसैले सडक पुलको निर्माणमा पनि ध्यान दिनु पर्ने आवश्यकता छ । देशका नगरक्षेत्रमा करिव २,००० कि.मि. शहरी सडक निर्माण भई संचालनमा रहेका छन उक्त सडकहरुलाई आवश्यक पर्ने मर्मत संभार कार्य गर्नु पर्ने आवश्यकता छ ।

ग्रामीण सडकको पहुँचवाट बन्चित कतिपय पहाडी तथा हिमाली क्षेत्रका वासिन्दाहरु अझै घोडेटो गोरेटो बाटोमा नै निर्भर रहन बाध्य छन् । हाल १२,००० कि. मि. घोडेटो बाटो (मुख्य पैदल मार्ग) रहेकोछ । फलस्वरुपः यी क्षेत्रका वासिन्दाहरुको सडक सम्म पहुँच अभिबृद्धि गर्न झोलुङ्गे पुलहरु अभिन्न अंग बन्न पुगेका छन् । नेपालमा हालसम्म ६२ जिल्लाहरुमा लामो तथा छोटो तरी (Span) का झोलुङ्गे पुलहरु लगभग ३,६०० वटा निर्माण भएका छन् ।

सडक यातायात राष्ट्रिय विकासका लागि आवश्यक अन्य पूर्वाधारहरुको लागि पनि पूर्वाश्यकता हो । सो को लागि हाल सम्म निर्माण भएका ग्रामीण सडकहरुको योजनावद्ध रुपमा निर्माण, स्तरोन्नती र पुल निर्माण गरी बाह्रै महिना सञ्चालनयोग्य गर्नु पर्ने आवश्यकता छ । सडक यातायात संभाव्य नभएका स्थानहरुमा वैकल्पिक यातायातको पहिचान गर्नुपर्ने आवश्यकता छ ।

## २.२. सिंचाई तथा नदी नियन्त्रण

### २.२.१. साना सिंचाई

राष्ट्रिय जल योजना, २०६१ ले जल सम्वन्धी सेवा तथा सुविधा स्वायत्त तथा जवाफदेही संस्था (निजी, सार्वजनिक, समुदाय तथा जल सम्वद्ध निकाय) मार्फत विकेन्द्रित गरिने प्रावधान राखको छ । सो योजनाले सन २०१७ सम्ममा ६६ प्रतिशत सिंचित भूमिमा सर्वयाम सिंचाई सुविधा उपलव्ध गराउने उद्देश्य निर्धारण गरेकोछ ।

सिंचाई नीति, २०६० ले साना सिंचाई आयोजनाको तर्जुमा, निर्माण र व्यवस्थापनमा स्थानीय निकाय र उपभोक्ता समितिको जिम्मेवारी उल्लेख गरेकोछ । सो नीति अनुसार सानो आयोजना प्रणाली भन्नाले पहाडी क्षेत्रको हकमा २५ हेक्टर भन्दा कम र तराई तथा भित्री मधेशको हकमा २०० हेक्टरभन्दा कम सिंचित क्षेत्र भएको आयोजनालाई जनाउँछ ।

स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले सिंचाई अन्तर्गत पहाडमा २५ हेक्टर र तराईमा २०० हेक्टरसम्मका सिंचाई आयोजना, भूमीगत जल आयोजना जस्तै स्यालो ट्यूववेल, रोअर पम्प, ट्रेड्लर पम्प आदि स्थानीय निकायको जिम्मेवारी भित्र पर्ने उल्लेख गरेकोछ ।

नेपालको कुल कृषियोग्य जमिन २६,४२,००० हेक्टर मध्ये सिंचाइ योग्य क्षेत्रफल १७,६६,००० हेक्टर रहेको र सो मध्ये हालसम्म सतह सिंचाई, भूमिगत सिंचाई तथा कृषकहरुबाट परम्परागत रुपमा संचालित सिंचाई आयोजनाहरु मार्फत जम्मा ११,६८,१४४ हेक्टर जमिनमा सिंचाई सुविधा पुगेकोछ । बाह्रौं योजनाको अन्त्यसम्ममा कुल सिंचाईयोग्य जमिनमध्ये १६,८६,००० हेक्टर जमिन कृषकहरुको व्यवस्थापनमा रहने उल्लेख गरेकोछ । साना सिंचाईवाट २० प्रतिशत कृषि योग्य जमिन सिंचित गर्न सकिन्छ भन्ने अनुमान छ ।

हाल सम्म साना सिंचाई आयोजना स्थानीय निकायमा निक्षेपण भैनसकेकोले निक्षेपण गरी योजनावद्ध गर्नु पर्ने साथै स्थानीय निकायको लगानीमा संचालित सिंचाई कार्यक्रमहरुमा प्राविधिक सेवा टेवा पुर्‍याउनु पर्ने आवश्यकता छ ।

### २.२.२. नदी नियन्त्रण

राष्ट्रिय जल योजना, २०६१ ले सन २०१७ सम्ममा देशका २० जिल्लामा जल उत्पन्न प्रकोप न्यूनीकरण सम्वन्धी पूर्वाधार स्थापित गर्ने उद्देश्य निर्धारण गरेको छ । साथै जल सम्वन्धी सेवा तथा सुविधा स्वायत्त तथा जवाफदेही संस्था (निजी, सार्वजनिक, समुदाय तथा जल सम्वद्ध निकाय) मार्फत विकेन्द्रित गरिने प्रावधान गरेकोछ ।

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२ ले जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यमा स्थानीय निकाय तथा उपभोक्ता समितिलाई संलग्न गराउने प्रावधान गरेकोछ ।

स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले एउटै जिल्ला भित्रका नदी, खोला, खोल्साहरुको नदी नियन्त्रण सम्वन्धी कार्यक्रम स्थानीय निकाय मार्फत संचालन गर्ने प्रावधान गरेकोछ ।

जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी सरकारी कार्यहरु जल उत्पन्न प्रकोप नियन्त्रण विभाग तथा भू तथा जलाधार क्षेत्र संरक्षण विभागबाट भैरहेकोछ । यस्ता कार्यहरु स्थानीय निकायहरुबाट पनि भैरहेका छन् । जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यमा संलग्न निकायहरु बीच समन्वय कायम गरेर बाढी तथा पहिरो रोकथामको कार्यलाई व्यवस्थित गर्नुपर्ने महशुस नीति निर्माण देखि कार्यान्वयन तहसम्म भएकोछ । बाढी तथा पहिरो रोकथाम कार्यमा रहेका चुनौतिहरुलाई सहज बनाई समाधान गर्न सो कार्यमा स्थानीय निकायको सहभागिता अपरिहार्य भएको अनुभूति सवै तहमा भएकोछ ।

जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी कार्यहरु हालसम्म निक्षेपण भैसकेको छैन । स्थानीय निकायले जल उत्पन्न प्रकोप व्यवस्थापनको सन्दर्भमा संचालन गरिरहेका कार्य योजनावद्ध गर्नुपर्ने तथा जल उत्पन्न प्रकोप नियन्त्रण विभाग तथा भू तथा जलाधार क्षेत्र संरक्षण विभागले यस्ता कार्यक्रम निक्षेपण गर्नुको साथै कतिपय केन्द्रियस्तरबाट संचालन हुने कार्यक्रम समेत स्थानीय निकायको समन्वयमा सम्पन्न गरी आवश्यकता तथा मागमूलक रुपमा जल उत्पन्न प्रकोप व्यवस्थापन कार्य प्रभावकारी तुल्याउनु पर्ने आवश्यकता छ ।

## २.३. लघु जलविद्युत तथा वैकल्पिक ऊर्जा

ग्रामीण ऊर्जा नीति, २०६३ ले ग्रामीण ऊर्जा[1] विकासमा स्थानीय निकायको नेतृत्वदायी भूमिका अभिवृद्धि गर्ने नीतिगत व्यवस्था गरेकोछ । साथै सो नीतिले ग्रामीण क्षेत्रमा १००० किलोवाट सम्म विद्युत उत्पादन गरी वितरण गर्ने संस्था, स्थानीय समूह तथा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने व्यवस्था मिलाइने उल्लेख गरेकोछ ।

स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले ५०० किलोवाट सम्मका लघु जलविद्युत उत्पादन तथा वितरण र वैकल्पिक ऊर्जा सम्बन्धी सबै विकास कार्य स्थानीय निकायले संचालन गर्ने गरी तोकेकोछ ।

नेपालमा हालसम्म करिब ५६३ मेगावाट मात्र जलविद्युत उत्पादन हुन सकेको छ । लघु जलविद्युतबाट ८ मेगावाट मात्र विद्युत उत्पादन भएकोछ । हाल सम्म मुलुकको ४० प्रतिशत जनतालाई जल विद्युत पुगेकोछ यसमध्ये ग्रामीण क्षेत्रमा बसोबास गर्ने करिब २९ प्रतिशत जनतालाई मात्र विद्युत सेवा उपलब्ध भएकोछ । *(ग्रामीण ऊर्जा नीति, २०६३) ।*

मुलुकको विकट भू-भौगोलिक अवस्था र पहाडी भेगमा वसोवास गर्दै आएको पातलो बस्तीले गर्दा केन्द्रिय बिद्युत प्रणाली मार्फत ग्रामीण बिद्युतिकरणको गतिमा तिब्रता ल्याउन कठिनाई परिरहेको छ । हालसम्म ग्रामीण क्षेत्रमा स्वच्छ एवं भरपर्दो ऊर्जाको पहुँच पुऱ्याउन सीमित कार्य मात्र हुन सकेकोछ । ग्रामीण क्षेत्रमा ऊर्जाको स्रोत विकास र विस्तार गर्न उपभोक्ता समूह, गैर सरकारी संस्था, सहकारी संस्था र निजी क्षेत्रलाई स्थानीय निकाय मार्फत परिचालन गर्नु आबश्यक छ । लघु जल बिद्युत तथा वैकल्पिक ऊर्जा कार्यक्रम संचालन गर्ने कतिपय सरकारी, गैर सरकारी तथा निजी संस्थाहरुले यस्ता कार्यक्रम स्थानीय निकायको सहयोग र समन्वयमा संचालन गरेका छन् । केही सहयोगी संस्थाहरुले निजी वा गैर सरकारी संस्था मार्फत सिधै समुदाययस्तरमा कार्यक्रम संचालन गर्ने गरेका छन् । यस कार्यमा सामञ्जस्यता ल्याउन ग्रामीण क्षेत्रमा ऊर्जाको स्रोत विकास र विस्तार गर्दा उपभोक्ता समूह, गैर सरकारी संस्था, सहकारी संस्था र निजी क्षेत्रलाई स्थानीय निकायको समन्वय र सहयोगमा परिचालन गरी दिगो रुपमा ग्रामीण ऊर्जा सम्बन्धी कार्यक्रम संचालन गर्नु आबश्यक छ ।

---

[1] ग्रामीण ऊर्जा भन्नाले ग्रामीण क्षेत्रमा घरायसी, आर्थिक एवं सामाजिक प्रयोजनको लागि उपयोग हुने वातावरण मैत्री इन्धनहरु जस्तैः लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, वायु ऊर्जा, जैविक ऊर्जा, वायोमास ऊर्जा आदिलाई जनाउँछ ।

## २.४ खानेपानी, ढल निकास तथा सरसफाई

राष्ट्रिय जल योजना, २०६१ ले सन २०१२ सम्ममा ९० प्रतिशत जनतालाई खानेपानी सुविधा उपलब्ध गराउने तथा ९० प्रतिशत जनतालाई  आधारभूत सरसफाई सेवा उपलब्ध गराउने उद्देश्य राखेकोछ ।

खानेपानी तथा सरसफाई राष्ट्रिय नीति, २०६० ले ग्रामीण क्षेत्रमा १,००० जनसंख्यासम्मका लागि संचालन हुने खानेपानी तथा सरसफाई कार्यक्रमहरु स्थानीय निकाय मार्फत संचालन गर्ने गरेको प्रावधान अनुरुप खानेपानी तथा ढल निकास विभागबाट सञ्चालन भै आएका ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमहरु क्रमिक रुपमा स्थानीय निकायलाई हस्तान्तरण भैरहेकोछ ।

स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले खानेपानी, ढल निकास तथा सरसफाई अन्तर्गत स्थानीयस्तरमा संचालन गरिने खानेपानी आयोजना, ढल निकास र व्यक्तिगत, घरायसी तथा सामुदायिक सरसफाई एवं वाताबरणको सुधार सम्वन्धी कार्य  स्थानीय निकायले गर्ने गरी तोकेकोछ ।

दशौ योजनाको अन्त्य सम्ममा  ग्रामीण तथा शहरी क्षेत्रका ८३ प्रतिशत जनसंख्यालाई खानेपानीको सुविधा उपलब्ध गराउने लक्ष रहेकोछ । दशौं योजनाको तेश्रो वर्ष (सन २००४।०५) सम्ममा ग्रामीण क्षेत्रका ७४.८ प्रतिशत तथा शहरी क्षेत्रका ७६ प्रतिशत जनसंख्यालाई खानेपानीको  सुविधा उपलव्ध भएकोछ । *(खानेपानी तथा ढल निकास विभाग, २००५)*

नवौ योजनाको अन्त्यसम्ममा ग्रामीण क्षेत्रमा २१ प्रतिशत तथा शहरी क्षेत्रमा ५३ प्रतिशत जनसंख्याले सरसफाइको सेवा उपयोग गरेको स्थिति छ । दशौं योजनाको अन्त्यसम्ममा ग्रामीण क्षेत्रका ४३ प्रतिशत तथा शहरी क्षेत्रका ८३ प्रतिशत जनसंख्यालाई सरसफाई सेवा उपलव्ध गराउने लक्ष राखिएकोमा दशौ योजनाको तेश्रो वर्ष  (सन २००४।०५)  सम्ममा ग्रामीण क्षेत्रका ३०.३ प्रतिशत तथा शहरी क्षेत्रका ८१.३ प्रतिशत जनसंख्याले सरसफाइको सेवा उपयोग गरेको तथ्याङ्क छ । *(खानेपानी तथा ढल निकास विभाग, २००५)*

खानेपानी तथा सरसफाई कार्यक्रम विभिन्न निकायहरुवाट कार्यान्वयन भैरहेकोले दोहोरोपन हटाई लागत प्रभावकारी सेवा पुऱ्याउन समन्वय गर्नु पर्नेछ । ग्रामीण खानेपानी तथा सरसफाई कोषबाट संचालन हुने कार्यक्रमहरु स्थानीय निकायसंग आबद्ध गरी संचालन हुन सकेका छैनन् । यस सन्दर्भमा स्थानीयस्तरमा संचालन हुने खानेपानी, ढल निकास तथा सरसफाई कार्यक्रमको निर्माण, मर्मत संभार तथा संचालन योजनावद्ध तथा व्यवस्थित गर्नुपर्ने आवश्यकता छ ।

## २.५. आवास, भवन तथा शहरी विकास

राष्ट्रिय आवास नीति, २०५३ ले आवासको विद्यमान अवस्था र यस्को आवश्यकता पूर्वानुमान गरेकोछ । सो अनुसार आवास निर्माण प्रविधि व्यवस्थापन तथा क्षेत्रीय सन्तुलन आदि बिषयहरुमा आवश्यक सुधार गर्ने वारे नीतिगत व्यवस्था भएकोछ । सो नीतिले पूर्वाधार सेवा तथा सुविधा सम्बन्धी स्रोतहरुको परिचालन, निर्माण, वितरण, व्यवस्थापन र मर्मत संभार सम्बन्धी कार्यहरुको जिम्मेवारी, उत्तरदायित्व र अधिकारहरु विकेन्द्रित गर्नुका साथै आवास सुधार कार्यक्रम तथा पूर्वाधार सेवाहरुको विकास र विस्तार कार्यमा निजी क्षेत्र तथा जनसहभागितालाई प्रोत्साहन गर्ने व्यवस्था गरेकोछ ।

स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले आवास भवन तथा शहरी विकास बिषय अन्तर्गत ग्रामीण वस्ती विकास कार्यक्रम अन्तर्गत छरिएका वस्तीहरुलाई झुण्डमा राख्ने कार्यक्रम, नगरपालिका तथा नगरोन्मूख क्षेत्रमा भौतिक योजना सम्वन्धी सम्पूर्ण कार्य, तथा प्रकोप सम्वन्धी पूर्व तयारी र जनचेतना अभिबृद्धि गर्ने कार्यक्रम स्थानीय निकायले गर्नेगरी तोकेकोछ ।

वि.सं. २०५८ को जनगणनाअनुसार देशका करिब १४ प्रतिशत जनसंख्या शहरमा बसोबास गरिरहेका र त्यसपछिका  १० वर्षमा २४ प्रतिशत पुग्ने अनुमान गरिएकोछ । अधिराज्यमा ५८ नगरपालिकाका अतिरिक्त १३२ भन्दा बढी साना शहर

तथा बजार केन्द्रहरू छन् जसले ग्रामीण क्षेत्रका लागि सेवा केन्द्रको भूमिकाका अलावा देशको आर्थिक विकासको मेरुदण्ड र परिवर्तनका संवाहकको भूमिका पनि खेलिरहेका छन् ।

नगरपालिकाहरुको प्रकोप व्यवस्थापन कार्यक्रममा प्राथमिकता न्यून रहेकोछ । प्राकृतिक प्रकोप व्यवस्थापन रणनीति गृह मन्त्रालयवाट तयार गर्ने प्रकृयामा रहेकोछ ।

ग्रामीण क्षेत्रबाट सेवा, सुविधा तथा रोजगारीको खोजीमा शहर पस्ने प्रवृत्तिले शहरी क्षेत्रमा जनसंख्याको चाप परिरहेको छ । राजमार्गहरूको निर्माण एवम् विस्तार सँगै शहर तथा बजारको संख्या वृद्धि हुँदै गएकोछ । यसबाट शहरी क्षेत्रमा भौतिक र सामाजिक पूर्वाधारहरू पर्याप्त मात्रामा पुऱ्याउन कठिन भएकोछ । शहरी क्षेत्रको व्यवस्थित विकास एवम् व्यवस्थापन गर्न स्थानीय निकायहरूलाई सवल र सक्षम बनाउने कार्य पनि चुनौतीपूर्ण भएकोछ । यसको परिणाम शहरी क्षेत्र अव्यवस्थित हुँदै गएकोछ ।

हाल आवास भवन तथा शहरी विकास सम्वन्धी कार्यहरु शहरी विकास तथा भवन निर्माण विभागको साथै ग्रामीण आवास तथा वस्ती विकास कंपनी लि.ले गर्दै आएका छन् । सो कार्य विकेन्द्रित गर्ने नीति हालसम्म तर्जुमा भएको छैन । देशमा बढदो जनसंख्या र शहरीकरणले ग्रामीण र नगरजन्य पूर्वाधार सेवामा परेको चापलाई न्यूनीकरण गर्ने  कार्यमा स्थानीय निकायबाट समेत विभिन्न कार्यक्रमहरु संचालन भएका छन् । स्थानीय निकायबाट संचालन भईरहेका तथा हुनुपर्ने कार्यहरु तथा शहरी विकास तथा भवन निर्माण विभाग को साथै ग्रामीण आवास तथा वस्ती विकास कंपनी लि. बाट संचालन हुने कार्यमा दोहोरोपन आउन नदिन यी  निकायहरुका कार्यहरुमा सामाञ्जस्यता ल्याउनु पर्ने आवश्यकता छ ।

## २.६. फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०५३ ले फोहरमैला व्यवस्थापनको कार्य सरल बनाउने, फोहरमैलाबाट उत्पन्न हुने वातावरणीय प्रदुषण न्यून गर्ने, फोहरमैलालाई स्रोतको रुपमा परिचालन गर्ने र सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गर्ने उद्देश्य निर्धारण गरेकोछ ।

स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले फोहरमैला व्यवस्थापन अन्तर्गत फोहरमैला संकलन, पृथक्किकरण, ओसार पसार, कम्पोष्ट प्लाण्ट र सेनिटरी ल्याण्ड फिल साइट विकास तथा सञ्चालन सम्वन्धी कार्यक्रम स्थानीय निकायको कार्य अन्तर्गत समावेश गरेकोछ ।

साधारणतया नेपालका शहरी क्षेत्रमा बसोवास गर्ने जनसंख्याले प्रतिदिन प्रति व्यक्ति ०.२४ के.जी. फोहरमैला निष्काशन गर्ने अनुमान छ । काठमाडौ उपत्यकामा मात्रै दैनिक ३०० मे.टन फोहर उत्पादन हुने गरेकोछ ।  बढ्दो जनसंख्याको चाप, शहरीकरण तथा औद्योगिकीकरण र जीवनशैलीमा आएको परिवर्तनका कारण फोहरमैलाको परिमाणमा दिनानुदिन वृद्धि भै त्यसले प्रकृतिमा पर्न जाने असरका कारण वातावरण सन्तुलनमा थप समस्या परेकोछ । नेपाल अधिराज्यको सन्दर्भमा खासगरी यो समस्या ठूला शहरहरु तथा घना वस्तीमा केन्द्रित हुँदै गएकोछ । फोहर मैलाको उचित व्यवस्थापन नभएको अवस्थामा यसले जनस्वास्थ्यमा पुऱ्याउने नकारात्मक प्रभावको साथसाथै वातावरणमा पुऱ्याउने असरहरुलाई यथासमयमा नै न्यूनीकरणका उपायहरु अवलम्बन गरी  व्यवस्थित गर्न आवश्यक छ ।

हाल काठमाडौ उपत्यकाको फोहरमैला व्यवस्थापनका लागि स्यानीटरी ल्याण्डफिल साइट सञ्चालनमा आएकोछ र देशका अन्य भागमा कतिपय संरचनाहरु डिजाइन तथा निर्माण क्रममा रहेका छन् । स्थानीय विकास मंत्रालय अन्तर्गतको फोहरमैला व्यवस्थापन तथा स्रोत परिचालन केन्द्र काठमाडौको फोहरमैला व्यवस्थापनको लागि स्यानीटरी ल्याण्डफिल साइट निर्माण तथा संचालन कार्यमा संलग्न रहेको छ ।

फोहरमैला व्यवस्थापन गर्ने कार्य नेपाल सरकारले स्थानीय निकायलाई सुम्पिसकेको भएपनि फोहरमैला व्यवस्थापन सम्वन्धी छुट्टै ऐन तर्जुमा, फोहरमैला व्यवस्थापनको लागि नगरपालिकाहरुमा पर्याप्त स्रोतको उपलव्धता, नगरपालिका

गठन हुँदा फोहरमैला व्यवस्थापनका लागि पूर्वाधारको प्रावधान, फोहरमैलालाई स्रोतको रुपमा उपयोग गर्दै यस्को उपयोगमा व्यवसायिकता, फोहरमैला व्यवस्थापनमा प्रदुषणकर्ताले नै शुल्क तिर्ने व्यवस्था जस्ता कार्यहरु अधिकांश स्थानीय निकायहरुले (नगरपालिका) योजनावद्धरुपमा गर्नु आवश्यक छ ।

## २.७. सामाजिक पूर्वाधार

स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले सामाजिक पूर्वाधार अन्तर्गत स्थानीय क्षेत्रका सामुदायिक र सार्वजनिक भवन (सरकारी कार्यालय, स्वास्थ्य, शिक्षा, सामुदायिक, मनोरञ्जन, पुरातात्विक, सांस्कृतिक, धार्मिक आदि) निर्माण, सञ्चालन एवम् मर्मत तथा सम्भार सम्बन्धी कार्यक्रम समावेश गरेको छ ।

सो अनुसार स्थानीय निकायहरुले अन्तर्गतका भवन तथा भवनजन्य पूर्वाधारहरु, विद्यालय भवन, स्वास्थ्य चौकी निर्माण तथा मर्मत सुधार सम्वन्धी कार्यक्रम संचालन गर्दै आएका छन् । पुरातत्व विभागले तोकिएका पुराना धार्मिक तथा सांस्कृतिक धरोहरहरु मर्मत संभार गरी संरक्षण गर्दै आएकोछ । यसै गरि गुम्बा विकास समितिले समेत बौद्ध गुम्बाहरुको मर्मत संभार तथा संरक्षण गर्दै आएको छ ।

स्थानीयस्तरमा सामाजिक, धार्मिक, पर्यटकीय, ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरु थुप्रै रहेका छन् । यी धरोहरहरुको उपयुक्त रुपमा संरक्षण हुन सकिरहेको छैन । यस्ता धार्मिक, साँस्कृतिक एवं ऐतिहासिक स्थल तथा स्मारक लगायत बिभिन्न साँस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन तथा प्रचार-प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकहरुको बृद्धि गरी आर्थिक विकासका क्रियाकलापलाई टेवा पुऱ्याउन सकिन्छ । स्थानीय कला कौशलको व्यावसायिक प्रयोग गर्ने र सम्पदास्थल व्यवस्थापनमा आत्मनिर्भर बनाउने गरी स्थानीय समुदायलाई संलग्न गराउने कार्यहरु सुस्त गतिमा भइरहेका छन् ।

द्वन्दबाट क्षतिग्रस्त भएका स्थानीय निकायका भवन तथा भवनजन्य पूर्वाधारहरको पूनर्निर्माण, पूर्नस्थापना तथा मर्मत संभार गर्नु पर्नेछ । अन्य सामाजिक, धार्मिक, पर्यटकीय, ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरुको निर्माण, मर्मत संभार तथा संम्बर्द्धन गरी जनस्तरमा उपलव्ध सुविधाको पर्याप्त संरक्षण भएको अनुभूति गराउदै सामुहिक सम्पत्तीको जगेर्ना गर्नु पर्ने आवश्यकता समेत टड्कारो रुपमा देखिएको छ । सामाजिक पूर्वाधार अन्तर्गतका क्रियाकलापहरु विभिन्न निकायहरुवाट संचालन भैरहेका छन । यस्ता कार्यहरु स्थानीय निकायवाट समन्वयात्मक रुपमा सन्चालन गर्नु पर्ने आवश्यकता छ ।

# ३ रणनीतिक सिद्धान्त

स्थानीय पूर्वाधार विकासमा निम्न रणनीति अवलम्वन गरिनेछः

### क) योजनाबद्ध प्रणाली अवलम्वन

- स्थानीय पूर्वाधार विकास मूलतः अन्तरीम योजना (०६४।६५-०६६।६७), आवधिक जिल्ला विकास योजना एवं बिद्यमान पूर्वाधार विकास गुरुयोजना तथा नीति अनुरुप योजनाबद्ध रुपमा कार्यान्वयन गरिनेछ । यो रणनीतिक कार्य योजना स्थानीय निकायको (जिल्ला विकास समिति, गा.वि.स तथा नगरपालिका) आवधिक योजनामा समावेश गरी कार्यान्वयन अनुगमनको आधारमा आवश्यकतानुसार परिमार्जन गरिनेछ ।
- यो रणनीतिक योजना अनुसारका कार्यक्रम स्थानीय निकायले आ-आफ्नो बार्षिक योजनामा समावेश गरी कार्यान्वयन गर्नेछन् । सो को लागि आवश्यक कार्य वातावरण तयार गरिनेछ ।

**ख) सूचना प्रणाली अद्यावधिक तथा उपयोग**

- स्थानीय पूर्वाधार विकास आयोजनाको तर्जुमा तथा व्यवस्थापन गर्दा भू-सूचना प्रणाली (GIS) को अधिकतम उपयोग गरिनेछ ।
- स्थानीय पूर्वाधार सम्वन्धी स्थानीय तथा केन्द्रीय सूचना प्रणाली विकास गरीनेछ । स्थानीय निकायको सूचना प्रणाली विकेन्द्रित गरिवी अनुगमन तथा बिश्लेषण प्रणालीको (DPMAS) सूचकसँग आवद्ध गरी अन्तरीम योजना एवं गरिवी निवारण रणनीति पत्र तथा सहस्राव्दी विकास लक्षमा योगदान पुग्ने गरी तयार गरिनेछ ।

**ग) पूर्वाधार जोड नीति अनुसरण**

- लाभग्राही जनताको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन सवै स्थानीय पूर्वाधार विकासमा पूर्वाधार जोड (Infrastructure Plus) को नीति अवलम्वन गरिनेछ । यस्तो पूर्वाधार जोड कार्यक्रम वहु-साझेदारको अवधारणा (Multi-Partners Concept) मा आधारित वनाई पुरक योजनाकोरुपमा लागू गरिनेछ ।

**घ) गुणस्तर सुनिश्चितता**

- स्थानीय पूर्वाधार प्रणालीको गुणस्तर सुनिश्चितताका लागि संस्थागत संरचनाको विकास गरिनेछ ।
- स्थानीय पूर्वाधार आयोजनाहरुको निर्माण, पूर्नस्थापन, मर्मत संभार तथा संचालन पद्धति सुनिश्चित गर्न (म्यानुअल, मार्गदर्शन तथा निर्देशिका) तयारी तथा अद्यावधिक गरिनेछ ।

**ङ) सामाजिक परिचालन**

- सामाजिक परिचालनलाई स्थानीय पूर्वाधार विकास आयोजना चक्र प्रणालीभित्र समाहित गरिनेछ । उपभोक्ता तथा लाभग्राही पक्षको क्षमता विकास गरी स्थानीय पूर्वाधारको नियमित मर्मत, संभार र संचालनमा जिम्मेवार वनाई निर्मित पूर्वाधारको प्रयोग गरी जीविकोपार्जनमा सुधार ल्याउन प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने वनाइनेछ ।
- स्थानीयस्तरमा कार्यरत उपभोक्ता समिति, निर्माण समिति र समन्वय समितिहरुलाई काम, कर्तव्य र अधिकार सहितको उपभोक्ता समिति सम्बन्धी विद्यमान कानुनी प्रावधानमा थप स्पष्टता तथा आबश्यकता अनुसार छुट्टै निर्देशिका तयार गरी लागु गरिनेछ ।

**च) सहभागिता तथा समावेशी विकास प्रक्रिया अवलम्वन**

- स्थानीय साधन, सामग्री र सीपको प्रयोगलाई प्राथमिकता दिदै श्रममुलक, वातावरण मैत्री र सहभागितात्मक विधिको (LEP Approach) अवलम्वन गरी स्थानीय पूर्वाधारको विकास गरिनेछ । यस्तो निर्माण कार्यमा महिला, गरिव, पिछडिएका वर्ग र दलित समुदायलाई रोजगार उपलब्ध गराउन प्राथमिकता दिने नीति लिइनेछ । कार्यप्रकृति अनुसार वातावरण विनाश नहुने, निर्माण कार्यको समयावधि घटाउने र गुणस्तर कायम गर्न सहयोग पुग्ने साना निर्माण औजार उपकरण र श्रमको उचित समिश्रण गर्न समेत प्रोत्साहन गरिनेछ । तर तोकिए बमोजिमका स्थानीय सीपद्वारा सम्पन्न हुन नसक्ने जटिल प्रकृतिका पूर्वाधार विकास कार्यहरु बोल कबोल प्रथाद्वारा समयमा नै निर्माण सम्पन्न गरिनेछ ।

**छ) प्रविधि अनुसन्धान विकास**

- प्रयोगमा आधारित स्थानीय प्रविधिको अनुसन्धान तथा विकास गरी प्रचार प्रसार गरिनेछ । स्थानीय प्रविधि र सीप विकास गर्न ग्रामीण इञ्जिनियरिङ्ग सम्वन्धी संस्थाहरुसँग समन्वय गरी स्थापना तथा सञ्चालन गरिनेछ ।

**ज) संस्थागत मर्मत संभार प्रणालीको विकास**

- निर्मित संरचनाको उचित मर्मत संभार र संचालनलाई वार्षिक योजना तर्जुमा प्रणाली र स्रोत विनियोजनसँग आवद्ध गराइनेछ । सामान्यतया संचालनमा रहेका स्थानीय पूर्वाधारको मर्मत संभारको स्रोत आन्तरिक रुपमा जुटाउने व्यवस्थालाई प्रोत्साहन गरिनेछ ।

- नयाँ आयोजना तर्जुमा देखि नै मर्मत तथा संचालनको दिगो व्यवस्था समेत तयार गर्न स्थानीय निकायलाई सक्षम वनाउन स्थानीय पूर्वाधारका सवै क्षेत्रमा मर्मत संभार कोष गठन गरिनेछ ।
- स्थानीय पूर्वाधार आयोजना निर्माण तथा मर्मत संभारमा स्थानीय स्रोत र साधनको उपयोगमा जोड दिइनेछ ।

**झ) पारदर्शी अनुगमन तथा मूल्याङ्कन**

- लाभग्राही जनताको प्रत्यक्ष संलग्नता रहने तथा पारदर्शी कार्यान्वयनमा जोड दिने पद्धति अवलम्वन गर्दै हरेक तहमा अनुगमनलाई संस्थागत गरिनेछ । स्थानीय पूर्वाधार प्रणालीको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गरी उपलव्धि यकिन गर्न कार्य सम्पादनमा आधारित अनुगमन प्रणाली विकास गरी लागू गरिनेछ ।
- सवै स्थानीय पूर्वाधार विकास आयोजनाको सामाजिक परीक्षण गरिनेछ ।
- छनौटको आधारमा स्थानीय पूर्वाधार विकास आयोजनाहरुको प्राविधिक परीक्षण गरिनेछ ।

**ञ) कार्य सम्पादनको आधारमा स्रोत विनियोजन**

- स्थानीय पूर्वाधार विकासको लागि विनियोजन हुने सःशर्त तथा निःशर्त अनुदान र कार्यक्रमहरुमा वजेट विनियोजन गर्दा न्यूनतम शर्त र कार्य सम्पादन सूचकको विकास गरी सो को आधारमा थप स्रोत प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

**ट) निक्षेपण**

- यस रणनीतिक योजना अनुरुपका स्थानीय पूर्वाधार कार्यक्रम निक्षेपण गर्न बिषयगत मंत्रालय तथा बिभागहरुमा कार्य योजना तयार गरिनेछ । यस्ता कार्यक्रम कार्यान्वयनका लागि मागको आधारमा स्थानीय निकायलाई आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहयोग केन्द्रियस्तरबाट उपलव्ध गराइनेछ ।

**ठ) संस्थागत सुदृढीकरण तथा जनशक्ति विकास**

- स्थानीय पूर्वाधार विकासका लागि प्रविधिमा आएको परिवर्तनलाई लागू गर्न सक्ने गरी केन्द्रीय/स्थानीय निकायमा कार्यरत विद्यमान जनशक्तिहरुको आवश्यकता अनुसार क्षमता विकास गरिनेछ । पूर्वाधार विकास गर्न आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरी सो अनुसारको मानव संसाधन विकास योजना लागू गरिनेछ ।

**ड) सम्मानजनक कार्यअवस्था** (Decent work conditions)

- कामदारको लागि सम्मानजनक काम गर्ने वातावरण, स्वास्थ्य र सुरक्षा तथा विमाको व्यवस्था गर्न सहयोग गरिनेछ । स्थानीय पूर्वाधार विकासमा बाल श्रम प्रयोग गरिने छैन । समान प्रकृतिको कामका लागि समान ज्यालाको व्यवस्था गरिनेछ ।

**ढ) साझेदारी तथा सहकार्य**

- स्थानीय पूर्वाधार विकासमा गैर सरकारी तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारी गरिनेछ ।
- स्थानीय पूर्वाधार विकासमा संलग्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रलाई जिल्लाको समग्र विकासका लागि समन्वयात्मक रुपमा परिचालन गरिनेछ ।
- स्थानीय पूर्वाधार विकासमा संभावनाको आधारमा सार्वजनिक निजी साझेदारी अवलम्वन गरिनेछ ।
- स्थानीयस्तरमा एक भन्दा बढी स्थानीय निकायहरुको संयुक्त सहभागितामा पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्न स्थानीय निकायलाई प्रोत्साहन गरिनेछ ।

# ४. स्थानीय पूर्वाधार विकास रणनीतिक योजना

## ४.१ लक्षः

स्थानीय पूर्वाधारको उपयोग बाट जनताको जिविकोपार्जनमा सुधार भई गरिवी न्यूनिकरण हुनेछ ।

## ४.२ उद्देश्यः

स्थानीय भौतिक तथा सामाजिक पूर्वाधार विकासका माध्यमबाट महिला, अपाङ्ग, पिछडिएका, उत्पिडित, उपेक्षित एवं दलित वर्ग सहितका स्थानीय जनताहरुको सामाजिक सेवा, आर्थिक अवसर र स्रोतसम्मको पहुँचमा अभिबृद्धि हुनेछ ।

**सूचकः**

आ. व. ०७१-७२ सम्ममाः

- ८० प्रतिशत जनताको स्थानीय पूर्वाधार सम्वद्ध सेवा सुविधामा पहुँच हुनेछ
- सबै स्थानीय पूर्वाधार विकास कार्यक्रम स्थानीय निकायमा निक्षेपण भई स्थानीय निकायले व्यवस्थापन गरेका हुनेछन्
- सबै स्थानयि पूर्वाधार विकास कार्यक्रमहरु योजनाबद्ध रुपमा संचालन हुनेछन्
- स्थानीय पूर्वाधार विकासका सवै चरणमा महिला सहभागिता कम्तिमा ३३ प्रतिशत हुनेछ
- स्थानीय श्रम उपलव्धताको आधारमा स्थानीय पूर्वाधार विकास कार्यक्रममा गरीव, उपेक्षित तथा उत्पिडीत एवं दलित वर्गलाई न्यूनतम २० प्रतिशत रोजगारी दिइएको हुनेछ
- सबै स्थानीय पूर्वाधार विकास आयोजनामा अन्य सहयोगी पूर्वाधार विकासको लागि कूल लागतको कम्तिमा १० प्रतिशत थप लगानी हुनेछ

## ४.३ परिणामहरुः

**परिणाम १:** दिगो स्थानीय यातायात प्रणाली बिस्तार तथा स्तरोन्नती भई सेवा, स्रोत र बजारसम्म जनताको पहुँचमा सुधार हुनेछ ।

**सूचकः**

आ. व. ०६६-६७ सम्ममाः

- ७००० कि.मि ग्रामीण सडकको निर्माण तथा स्तरोन्नती गरिनेछ
- १२००० कि.मि. चालु हालतको सडकको नियमित तथा आवधिक मर्मत र २००० कि.मि. नयाँ माटो सडक निर्माण हुनेछ ।
- थप १००० वटा झोलुङ्गे पुलको निर्माण र ७१ वटा मुख्य मार्गमा रहेका झोलुङ्गे पुलको वृहत मर्मत र ३५०० वटा झोलुङ्गे पुलको साधारण मर्मत हुनेछ ।

- स्थानीय सडक निर्माण योजनामा विनियोजित बजेटको कम्तीमा १० प्रतिशत  रकम मर्मत संभारमा विनियोजन भएको हुनेछ ।

दिर्घकालिन रुपमा आ. व. ०७१-७२ सम्ममा: सर्वयाम संचालन हुने स्थानीय सडकको लम्बाई  १८,००० कि.मी. पुगेको हुनेछ (शहरी सडकको लम्बाई ५००० कि.मि. समेत) । बर्षैभरी संचालन हुने सडकसम्म ग्रामीण जनताको पहुँच पहाडमा ४ घण्टा र तराइ मा २ घण्टाको पैदल यात्रा भित्र भै ८५ प्रतिशत जनताको बर्षैभरी संचालन हुने सडकसम्म पहुँच अभिबृद्धि हुनेछ । साथै थप २,००० बटा झोलुङ्गे पुल निर्माण भई झोलुङ्गे पुलको संख्या ५,५०० पुगेको हुने र थप ४००० कि.मि. घोडेटो, गोरेटो बाटो निर्माण हुनेछ ।

**गतिविधिहरुः**

१.१ स्थानीय यातायात प्रणालीको योजनाबद्ध विकास गर्ने

१.२ गुणस्तरीय स्थानीय यातायात विकासको आवश्यक कार्यविधि/मार्गदर्शन/निर्देशिका तयारी/अद्यावधिक एवं कार्यान्वयन गर्ने

१.३ स्थानीय यातायात प्रणाली विकासमा संलग्न संस्थाहरुको क्षमता विकास गर्ने

१.४ स्थानीय यातायात प्रणालीको निर्माण तथा विस्तार गर्ने

१.५ पूर्वाधार विकासको पूरक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने

१.६ स्थानीय यातायातको मर्मत संभार प्रणाली स्थापना गर्ने

१.७ स्थानीय यातायातको क्षेत्रमा स-साना प्रविधि अनुसन्धान, विकास तथा हस्तान्तरण गर्ने

१.८ स्थानीय यातायात प्रणालीको तथ्याङ्क व्यवस्थित गर्ने

१.९ स्थानीय यातायात प्रणालीको अनुगमन तथा मूल्याङ्कन गर्ने

**परिणाम २ः** मागमा आधारित कृषक व्यवस्थित साना तथा सहकारी सिंचाई प्रणाली विकास, बिस्तार तथा सुधार गरी सिंचाई योग्य जमिनमा आवश्यक परेको बेला भरपर्दो रुपमा पर्याप्त पानी उपलब्ध हुनेछ ।

**सूचकः**

- आ.व. ०६६।६७ सम्ममा सवै कृषक व्यवस्थित साना सिंचाई जल उपभोक्ता संस्थाबाट संचालन हुनेछ ।
- साना सिंचाईले सेवा पुऱ्याएको क्षेत्रमा सरोकारवालाहरु सँगको समन्वयमा वाली सघनता र बिविधकरण भई आ.व. ०६२।६३ को तुलनामा कृषिजन्य व्यवसाय बार्षिक २५ प्रतिशतले बढनेछ ।
- आ.व. ०६६-६७ सम्ममा २५ वटा जिल्लामा साना सिंचाई तथा नदि नियन्त्रण जिल्ला गुरु योजना तयार गरिनेछ ।

आ.व. ०७१-७२ सम्ममा विकेन्द्रित पद्धती अनुरुप निर्माण तथा कृषक नियन्त्रित साना तथा सहकारी सिंचाइ बाट सिंचित क्षेत्र २०५९ सालको २,२४,२९० हेक्टर बाट २,४०,२९० हेक्टरमा बिस्तार हुनेछ ।

**गतिविधिहरुः**

२.१ साना तथा सहकारी सिंचाईको योजनाबद्ध विकास गर्ने

२.२ गुणस्तरीय साना सिंचाई विकासको लागि कार्यविधि/मार्गदर्शन/निर्देशिका तयारी/अद्यावधिक एवं कार्यान्वयन गर्ने

२.३ साना तथा सहकारी सिंचाई कार्यक्रम निक्षेपण गर्ने

२.४ साना तथा सहकारी सिंचाई विकासमा संलग्न संस्थाहरुको क्षमता विकास गर्ने

२.५ कृषक व्यवस्थित साना तथा सहकारी सिंचाई प्रणाली निर्माण तथा बिस्तार गर्ने

२.६ साना तथा सहकारी सिंचाइको मर्मत संभार तथा संचालन गर्ने

२.७ मागको आधारमा भूमिगत लगायत आधुनिक (Non-conventional) सिंचाई प्रणाली तर्जुमा तथा कार्यान्वयन गर्ने

२.८ साना तथा सहकारी सिंचाई सम्वन्धी सूचना अद्यावधिक गर्ने

**परिणाम ३:** सामुदायिक सहभागितामा स्थानीयस्तरमा जल उत्पन्न प्रकोप न्यूनिकरण तथा व्यवस्थित हुनेछ ।

**सूचक:**

- आ. व. ०६६।६७ सम्ममा जिल्लाका सवै जल उत्पन्न प्रकोप व्यवस्थापन गर्नु पर्ने जोखिमपूर्ण क्षेत्रहरु नक्साङ्कन हुनेछ ।
- आ. व. ०६७।६८ सम्ममा जिल्लाका सवै जोखिम क्षेत्रका समुदाय तयारी तथा आपत्कालीन उद्धार एवं रोकथाम कार्यमा संलग्न हुनेछन् ।
- आ. व. ०६७।६८ देखि जिल्लागत रुपमा जल उत्पन्न प्रकोप व्यवस्थापनबाट उकास गरिएको खेतीयोग्य जग्गाको लगत उपलव्ध हुनेछ ।

**गतिविधिहरु:**

३.१ जोखिमपूर्ण क्षेत्र नक्साङ्कन गर्ने

३.२ जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धी कार्यक्रम निक्षेपण गर्ने

३.३ स्थानीयस्तरमा जल उत्पन्न प्रकोप व्यवस्थापन तथा आपतकालीन रोकथाम तथा बचाउ कार्य गर्ने

३.४ बाढी तथा पहिरो नियन्त्रण कार्यमा संलग्न समुदाय तथा संस्थाहरुको क्षमता विकास गर्ने

३.५ अनुगमन तथा मूल्याङ्कन गर्ने

**परिणाम ४:** ग्रामीण क्षेत्रमा स्वच्छ, भरपर्दो र उपयुक्त नविकरणीय ग्रामीण ऊर्जाको आपूर्ति भै बातावरण संरक्षण तथा ग्रामीण आर्थिक अवसरमा सुधार हुनेछ ।

**सूचक:**

- आ.व. ०६७।६८ सम्ममा ४५ जिल्लामा लघु जलविद्युत तथा वैकल्पिक उर्जा सम्बन्धी प्रोफाईल तयार हुनेछ
- आ. व. ०६५।६६ देखि सवै ग्रामीण ऊर्जा कार्यक्रम जिल्लाका सामाजिक तथा आर्थिक विकास कार्यक्रमसँग आवद्ध गरी संचालन गरी ग्रामीण आर्थिक अवसरहरुमा सुधार हुनेछ ।
- ग्रामीण उर्जा विकासको लागि ग्रामीण ऊर्जाको क्षेत्रमा सहयोग गर्ने संस्थाहरु सँग समन्वय तथा सहकार्य गरी कार्यक्रम संचालन हुनेछ ।

दिर्घकालिन रुपमा आ. व. ०७१।७२ सम्ममा लघु जलबिद्युत २५,००० किलोवाट, सौर्य विद्युत प्रणाली २ लाख गोटा, सुधारिएको चुल्हो ७ लाख जैविक ग्यास, १ लाख ५० हजार र ८००० गोटा सुधारिएको पानी घट्ट उत्पादन तथा वितरण हुने लक्ष्य राखिएको छ ।

**गतिविधिहरुः**

४.१ ग्रामीण ऊर्जा विकासको लागि योजनाबद्ध प्रणाली विकास गर्ने

४.२ ग्रामीण ऊर्जाको क्षेत्रमा सहयोग गर्ने संस्थाहरु सँग समन्वय तथा सहकार्य गर्ने

४.३ सामुदायिक तथा संस्थागत क्षमता विकास गर्ने

४.४ ग्रामीण ऊर्जा प्रणालीको मर्मत संभारमा सहयोग गर्ने

४.५ ग्रामीण ऊर्जा सम्वन्धी प्रविधि विकासमा सहयोग गर्ने

४.६ ग्रामीण ऊर्जामा आधारित उद्यमशिलता प्रवर्द्धन गर्ने

४.८ ग्रामीण ऊर्जा सम्वन्धी सूचना अद्यावधिक गर्ने

४.९ अनुगमन तथा मूल्याङ्कन गर्ने

**परिणाम ५:** दिगो रुपमा पर्याप्त र स्वच्छ खानेपानी तथा सरसफाई सेवा सुविधामा जनताको समतामूलक पहुँच सुनिश्चित हुनेछ ।

**सूचकः**

- आ. व. ०६६-६७ सम्ममा ८०० वटा क्रमागत ग्रामीण खानेपानी तथा सरसफाई सम्बन्धी योजना सम्पन्न गरी थप ७ लाख जनसंख्या लाभान्वित हुनेछन् ।
- सबै ग्रामीण खानेपानी आयोजनाको मर्मत संभार तथा संचालन समुदायले गरेका हुनेछन्

दिर्घकालिन रुपमा आ. व. ०७१।७२ सम्ममा देशभरका १०० प्रतिशत ग्रामीण जनतालाई बढीमा ३० मिनेटमा (Fetching Time समेत) खानेपानी सुविधा उपलब्ध हुनुका साथै देशभरका ८० प्रतिशत ग्रामीण जनताले सरसफाई सेवा उपयोग गर्ने लक्ष्य राखिएको छ ।

**गतिविधिहरुः**

५.१ खानेपानी तथा सरसफाई प्रणाली योजनाबद्ध गर्ने

५.२ गुणस्तरीय खानेपानी तथा सरसफाई विकासको लागि आवश्यक कार्यविधि/मार्गदर्शन/निर्देशिका तयारी/अद्यावधिक एवं कार्यान्वयन गर्ने

५.३ खानेपानी तथा सरसफाई कार्यक्रम निक्षेपण गर्ने

५.४ स्थानीय खानेपानी तथा सरसफाई कार्यमा संलग्न संस्थाहरुको क्षमता विकास गर्ने

५.५ खानेपानी तथा सरसफाई प्रणालीको निर्माण, विस्तार तथा सुदृढीकरण गर्ने

५.६ नगरपालिका तथा नगरोन्मुख गा. वि. स. मा सतह ढल निकास कार्यक्रम संचालन गर्ने

५.७ पूर्वाधार विकासको पूरक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने

५.८ खानेपानी प्रणालीको मर्मत संभार तथा संचालन प्रणाली स्थापना गर्ने

५.९ ग्रामीण खानेपानी तथा सरसफाईको क्षेत्रमा स-साना प्रविधि अनुसन्धान, विकास तथा हस्तान्तरण गर्ने

५.१० स्थानीय खानेपानी तथा सरसफाई प्रणालीको तथ्याङ्क व्यवस्थित गर्ने

५.११ अनुगमन तथा मूल्याङ्कन गर्ने

**परिणाम ६:** स्थानीयस्तरका (स्थानीय निकाय अन्तर्गतका) ग्रामीण वस्ती विकास तथा योजनाबद्ध शहरीकरण गरी जनतालाई व्यवस्थित रुपमा आवास तथा शहरी सेवा सुविधा उपलव्ध गराइनेछ ।

**सूचक:**

- आ.व. ०६५।६६ सम्ममा जिल्ला विकास समितिको योजनामा वस्ती विकास कार्यक्रम समावेश भई कार्यान्वयन हुनेछ ।
- आ.व. ०६७।६८ सम्ममा सबै नगरपालिकाले आधारभूत भौतिक योजना तयार गरी कार्यान्वयन सुरु गर्नेछन् ।

आ.व. ०७१।७२ सम्ममा अधिराज्यका कम्तिमा १५ जिल्लामा नमुना वस्ती निर्माण हुने लक्ष्य राखिएको छ ।

**गतिविधिहरु:**

६.१ नगरस्तरीय कार्यक्रम योजनाबद्ध गर्ने

६.२ गुणस्तरीय पूर्वाधार विकासको लागि कार्यविधि/मार्गदर्शन/निर्देशिका तयारी/अद्यावधिक गर्ने

६.३ आवास भवन तथा शहरी विकास कार्यक्रम निक्षेपण गर्ने

६.४ नगरस्तरीय पूर्वाधार विकासको लागि समुदाय तथा संस्थाहरुको क्षमता विकास गर्ने

६.५ नगरपालिका तथा नगरोन्मूख गा. वि. स.मा न्यूनतम भौतिक पूर्वाधारको निर्माण, सुदृढीकरण तथा पूर्नस्थापन गर्ने

६.६ स-साना प्रविधि अनुसन्धान, विकास तथा हस्तान्तरण गर्ने

६.७ वस्ती विकास कार्यक्रम संचालन गर्ने

६.८ नगरभित्रका अव्यवस्थित वस्तीहरुमा भौतिक पूर्वाधार विकास गर्ने

६.९ नगरपालिका भित्र व्यवस्थित बजारको विकास गर्ने

६.१० नगरस्तरीय पूर्वाधारको मर्मत संभार तथा संचालन प्रणाली स्थापना गर्ने

६.११ प्रकोप व्यवस्थापनको पूर्वतयारी सम्वन्धी कार्य गर्ने

६.१२ नगरपालिकाको तथ्याङ्क व्यवस्थित गर्ने

६.१३ अनुगमन तथा मूल्याङ्कन गर्ने

**परिणाम ७:** जनसहभागिताको माध्यमबाट शहरी क्षेत्रमा (नगरपालिका र नगरोन्मूख गा.वि.स.) उत्पादन हुने फोहर तथा फोहरजन्य पदार्थको व्यवस्थापनबाट बातावरण संरक्षण भई जनस्वास्थ्य सुधारमा सहयोग पुग्नेछ ।

**सूचक:**

- आ.व. ०६६-६७ सम्ममा ५० नगरपालिकामा स्यानीटरी ल्याण्डफिल साईटको विस्तृत अध्ययन र नगरपालिकाको मागको आधारमा ल्याण्डफिल साईट निर्माण गरिनेछ। उक्त अवधिमा १२ कि.मि. ल्याण्डफिल साईटको निम्ति प्रवेश मार्गको निर्माण तथा १४ हेक्टर ल्याण्डफिल साईट निर्माण गरिनेछ।

आ.व. ०७१-७२ सम्ममा ४० बटा नगरपालिकाले सेनिटरी ल्याण्डफिल साइट विकास गरी फोहरमैला व्यवस्थापन १५ बटा नगरपालिकामा कम्तिमा २५% फोहरमैलाको व्यवस्थापन निजी क्षेत्र वा समुदायले गर्ने र फोहरमैलालाई स्रोतको रुपमा उपयोग गरी २० बटा नगरपालिकाले फोहरमैला प्रशोधनको लागि प्रबर्द्धनात्मक कार्य गर्ने दिर्घकालिन लक्ष्य राखिएको छ। साथै कम्तिमा १५ वटा नगरपालिकामा फोहरमैला निष्कासनको आधारमा शुल्क लगाइने लक्ष्य राखिएको छ।

**गतिविधिहरु:**

७.१ नगरपालिका तथा नगरोन्मूख गा.वि.स. मा फोहरमैला व्यवस्थापन योजनाबद्ध गर्ने

७.२ फोहरमैला व्यवस्थापनको लागि कार्यविधि/मार्गदर्शन/निर्देशिका तयारी/अद्यावधिक गर्ने एवं कार्यान्वयन गर्ने

७.३ फोहरमैला व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गर्ने

७.४ फोहरमैला व्यवस्थापनका लागि संरचनाको निर्माण तथा मर्मत संभार गर्ने

७.५ फोहरमैला संकलन, ढुवानी र निष्काशन व्यवस्थापन गर्ने

७.६ फोहरमैला प्रशोधन व्यवसाय प्रबर्द्धन गर्ने

७.७ फोहरमैला सम्वन्धी तथ्याङ्क व्यवस्थित गर्ने

**परिणाम ८:** स्थानीयस्तरका सामाजिक पूर्वाधारको निर्माण, मर्मत संभार, संरक्षण र संबर्द्धन हुनेछ।

**सूचक:**

- आ.व. ०६६-६७ सम्ममा जि.वि.स. एवं गा.वि.स. तहमा १२००० गोटा भौतिक पूर्वाधार योजनाहरुको संचालन गरिनेछ।
- सबै स्थानीय निकायमा पार्क र पर्यटकीय स्थल तथा ऐतिहासिक, सास्कृतिक धार्मिक पर्यटन विकास कार्यक्रम संचालन हुनेछन्।

आ.व. ०७१।७२ सम्ममा: द्वन्दबाट क्षती भएका समेत गरी स्थानीय निकायका १७१० भवन तथा भवनजन्य पूर्वाधारहरुको पूर्नस्थापना हुने लक्ष्य राखिएको छ।

**गतिविधिहरु:**

८.१ स्थानीयस्तरका सामाजिक पूर्वाधारको योजनाबद्ध विकास गर्ने

८.२ सामाजिक पूर्वाधार विकासमा संलग्न संस्थाहरुको क्षमता विकास गर्ने

८.३ स्थानीय निकाय मातहतका भवन र भवनजन्य भौतिक पूर्वाधारहरुको निर्माण तथा पूर्नस्थापन गर्ने

८.४ स्थानीयस्तरका पार्क, सार्वजनिक तथा मनोरञ्जन स्थल, सामुदायिक भौतिक संरचना (जस्तै सामुदायिक भवन, पाटी, पौवा) निर्माण, संरक्षण तथा मर्मत संभार गर्ने

८.५ स्थानीयस्तरका सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक धरोहरहरु संरक्षण र मर्मत संभार गर्ने

८.६ सामाजिक पूर्वाधारको मर्मत संभार तथा संचालन प्रणाली स्थापना गर्ने

८.७ सामाजिक पूर्वाधारको तथ्याङ्क व्यवस्थित गर्ने

## ५. स्रोत आवश्यकता

स्थानीय पूर्वाधार विकास रणनीतिक कार्य योजना कार्यान्वयन गर्न निम्नानुसार लगानी आवश्यकता पर्नेछः

"रु. दश लाखमा"

| स्थानीय पूर्वाधार क्षेत्र | लगानी आवश्यकता | | | | |
|---|---|---|---|---|---|
| | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | जम्मा | ०६७।६८ देखि ०७१।७२ |
| स्थानीय यातायात | १०७३७ | १३८७२ | १७५६० | ४२१६९ | ७८५३० |
| साना सिंचाई | १५० | १८५ | २४० | ५७५ | १६५० |
| नदी नियन्त्रण | ५ | २० | १५ | ४० | २२२० |
| लघु जलविद्युत तथा वैकल्पिक ऊर्जा | १०३७ | १०३९ | १०४७ | ३१२३ | २९४० |
| खानेपानी, ढल निकास तथा सरसफाई | १४३१ | २६७८ | ४०३९ | ८१४८ | १०९१५ |
| आवास, भवन तथा शहरी विकास | २८० | ५१२ | ५२० | १३१२ | ४७१२ |
| फोहरमैला व्यवस्थापन | ५६० | ७१५ | ७७५ | २०५० | ३५२० |
| सामाजिक पूर्वाधार | ५३६ | ७५६ | ७६६ | २०५८ | २१८५ |
| **जम्मा** | **१४७३६** | **१९७७७** | **२४९६२** | **५९४७५** | **१०६६७२** |
| **उपलब्ध स्रोत** | | | | | |
| नेपाल सरकार | १८९५ | २०७० | २३३० | ६२९५ | १४४७५ |
| स्थानीय निकाय | २४४९ | २४८५ | २५१६ | ७४५० | १४७५० |
| दातृसंस्था | ३६४० | ३१५० | २७०० | ९४९० | १४९०० |
| गै स स | ७५ | ९० | ९८ | २६३ | ५२५ |
| **जम्मा** | **८०७४** | **७८१०** | **७६५९** | **२३६९४** | **४४९५०** |
| **नपुग स्रोत** | **६६६२** | **११९६७** | **१७३०३** | **३५९३२** | **६१७२२** |

# ६. संस्थागत व्यवस्था

## ६.१ स्थानीय पूर्वाधार विकासको लागि संस्थागत व्यवस्था

राष्ट्रिय योजना आयोगले स्थानीय पूर्वाधारको क्षेत्रमा राष्ट्रिय योजना तर्जुमा तथा समन्वय गर्नेछ । साथै सो आयोगले निक्षेपण सम्वन्धी नीति तथा मार्गदर्शन प्रदान गर्नेछ ।

स्थानीय पूर्वाधार विकासमा केन्द्रिय स्तरमा स्थानीय विकास मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, जलस्रोत मन्त्रालय, बिज्ञान तथा प्रविधि मन्त्रालय र यी मन्त्रालय अन्तर्गतका विभागहरु स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग, खानेपानी तथा ढल निकास विभाग, शहरी विकास तथा भवन निर्माण विभाग, सिंचाई विभाग तथा जल उत्पन्न प्रकोप नियन्त्रण विभाग स्थानीय पूर्वाधार विकास सम्वन्धी नीति निर्माण तथा योजना तर्जुमा जस्ता कार्यमा सम्बद्ध रहनेछन् । साथै स्थानीय विकास मन्त्रालयलाई स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले बिषयगत मन्त्रालयहरु बीच समन्वय गर्ने संस्थाको रुपमा तोकेकोले सो मंत्रालयले स्थानीय पूर्वाधार विकासको लागि अन्तर मंत्रालय समन्वय गर्नेछ ।

स्थानीय पूर्वाधार विकास नीति, २०६१ ले जिल्लास्तरमा स्थानीय पूर्वाधार विकास सम्बन्धी जिम्मेवार निकायको रुपमा स्थानीय निकायलाई तोकेकोले यी निकायहरुले जिल्लास्तरीय कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा संचालन सम्वन्धी कार्य गर्नेछन् ।

नेपालमा सरकारी निकायहरुले बिषयगत कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा संचालन गर्दै आएका छन् । स्थानीय पूर्वाधार विकासका लागि स्थानीय विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक बिभाग तथा स्थानीय निकायहरुले बहु–बिषयक कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा संचालन गर्नु पर्नेछ । सो कार्यका लागि आवश्यक पर्ने समन्वय, सहयोग तथा सहजीकरण जस्ता व्यवस्थापकिय कार्यमा स्थानीय निकायहरुको क्षमता विकास गरिनेछ ।

## ६.२ स्थानीय पूर्वाधार विकासमा सम्बद्ध केन्द्रियस्तरका निकायहरु

| मन्त्रालय | बिभाग/केन्द्र |
|---|---|
| स्थानीय विकास मंत्रालय | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक बिभाग |
| भौतिक योजना तथा निर्माण मंत्रालय | सडक बिभाग |
| | खानेपानी तथा ढल निकास बिभाग |
| | शहरी विकास तथा भवन निर्माण बिभाग |
| जलस्रोत मंत्रालय | सिंचाई बिभाग |
| | जल उत्पन्न प्रकोप नियन्त्रण बिभाग |
| बिज्ञान तथा प्रविधि मंत्रालय | वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र |

## ६.३ संस्थागत ढाँचा, बजेट प्रवाह एवं अनुगमन तथा रिपोर्टिङ्ग

स्थानीय पूर्वाधार सम्वन्धी कार्यक्रम, बजेट प्रवाह तथा कार्यान्वयनमा प्रभावकारीता ल्याउन निम्न संस्थागत ढाँचा तथा अनुगमन एवं रिपोर्टिङ्ग पद्धति अवलम्वन गरिनेछः ।

**संस्थागत ढाँचा तथा बजेट प्रवाह**



अनुगमन तथा रिपोर्टिङ्ग



स्थानीय पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन निम्नानुसार गरिनेछः

- स्थानीय पूर्वाधार विकास सम्वन्धी सवै कार्यक्रमहरु निक्षेपण गरी विकेन्द्रिकरणको सिद्धान्त अनुसार कार्यान्वयन गरिने हुँदा यस रणनीतिक कार्य योजनामा उल्लेख भएका सवै क्रियाकलापहरु स्थानीय निकायले कार्यान्वयन गर्नेछन् ।
- निक्षेपित स्थानीय पूर्वाधार विकासको लागि विनियोजन गरिने बार्षिक बजेट अर्थ मंत्रालयबाट जिल्ला विकास कोष तथा नगर विकास कोषमा विनियोजन गरिनेछ । यस्तो रकम स्थानीय निकायमा पूँजिगत विकास कोष/क्षमता विकास कोष/संचालन कोषको रुपमा उपयोग गरिनेछ ।
- स्थानीय पूर्वाधार विकासका लागि कार्य सम्पादनका आधारमा कोष बाँडफाँड गरिनेछ । यस्तो निर्णय गर्ने अधिकार स्थानीय निकायलाई दिइनेछ । साथै जि.वि.स.बाट नगरपालिका तथा गा.वि.स.मार्फत समेत कार्यक्रमहरुको संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- स्थानीय निकायहरु (जि.वि.स./नगरपालिका/गा.वि.स.) स्वायत्त संस्था भएकाले केन्द्रियस्तरका निकायहरुको यी संस्थाहरुसँग समन्वयात्मक तथा सहयोगात्मक सम्बन्ध रहनेछ । जिल्ला विकास समिति, नगरपालिका तथा गा. वि. स. ले निक्षेपित पूर्वाधार विकास कार्यक्रम तथा जिल्ला/नगर/गाउँस्थित सवै बिषयगत कार्यालयका कार्यक्रम समेतको समन्वय गर्ने हुँदा यस्ता निकायले आवश्यकता अनुसार केन्द्रियस्तरका निकायहरु बाट नियमानुसारको प्रक्रिया अवलम्वन गरी कार्यक्रम तथा स्रोत प्राप्त गर्न सक्नेछन् ।

## ६.४ संस्थागत समन्वय

स्थानीय पूर्वाधार प्रणालीको समन्वय केन्द्रमा स्थानीय विकास मंत्रालय, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक बिभागले तथा जिल्लास्तरमा योजना तर्जुमा, कार्यान्वयन तथा समन्वय स्थानीय निकायले गर्नेछन् । स्थानीय पूर्वाधार विकास कार्यमा केन्द्रिय तथा जिल्लास्तरीय निकायको भूमिका सहजकर्ता तथा समन्वयकर्ता हुने भएकोले यो रणनीतिक योजना स्वीकृत भएपछि संगठन विकास अध्ययन गरी केन्द्रिय तथा जिल्लास्तरीय निकायको पूर्नसंरचना गरिनेछ ।

निक्षेपण भएका स्थानीय पूर्वाधार विकासमा सवै सम्वद्ध निकायहरुलाई समन्वयात्मक रुपमा नीति निर्माण तथा मार्गदर्शकको रुपमा संलग्न गराउन केन्द्र तथा जिल्लास्तरमा स्थानीय पूर्वाधार विकास एकिकृत समन्वय समिति गठन गरिनेछ । केन्द्रियस्तरको समितिको अध्यक्षता स्थानीय विकास मंत्रालयका सचिवले गर्नेछन । समितिको सदस्य सचिवमा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागका महानिर्देशक रहनेछन् । समितिमा आवश्यकतानुसार सदस्य रहनेछन् ।

जिल्लास्तरिय समितिको अध्यक्षता जिल्ला विकास समितिका सभापतिले गर्नेछन् । जिल्ला परिषदले तोके अनुसार समितिमा आवश्यकता अनुसार सदस्य रहनेछन् ।

# ७. स्थानीय पूर्वाधार विकास रणनीतिक कार्य योजना
(०६४/६५-०६६/६७)

## ७. १ स्थानीय यातायात रणनीतिक कार्य योजना

### ७.१.१ स्थानीय यातायात प्रणालीको बर्गीकरण

स्थानीय यातायात प्रणालीलाई निम्न अनुसार बर्गीकरण गरिएको छ:

क) स्थानीय सडक यातायात: जिल्लास्तरिय सडक, ग्रामीण तथा कृषि सडक, शहरी सडक, सुरुङ्ग मार्ग, घोडेटो, गोरेटो र सडक पुल तथा अन्य संरचना,

ख) झोलुङ्गे पुल

ग) जल यातायात: ऱ्याफ्टिङ, फेरी, डुङ्गा,

घ) हवाई यातायात (माग बमोजिम): हेलिप्याड

ङ) रज्जुमार्ग, (केवल कार, ग्राभिटी रोप-वे आदि)

### ७.१.२ स्थानीय सडक: रणनीतिक कार्य योजना

**परिणाम १:** दिगो स्थानीय यातायात प्रणाली बिस्तार तथा स्तरोन्नती भै सेवा, स्रोत र बजारमा जनताको पहुँचमा सुधार हुनेछ

| गतिविधि | कोशेढुङ्गा/प्रक्रिया सूचक | समयावधि | | | उत्तरदायित्व | सहयोगी |
|---|---|---|---|---|---|---|
| | | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | | |
| १.१ स्थानीय सडक प्रणालीको योजनाबद्ध विकास गर्ने | जिल्ला यातायात गुरु योजना तयार गर्ने/अद्यावधिक गर्ने (जिल्ला) (एकिकृत ग्रामीण पहुँच प्रणालीको आधारमा)<br>०६४/६५ \| ०६५/६६ \| ०६६/६७ \| जम्मा:<br>१५ \| २५ \| ३५ \| ७५ | | | | जि. वि. स. | डोलिडार |
| | स्थानीय सडक क्षेत्रको केन्द्रिय लगानी योजना (Business Plan) तयार गर्ने | | | | जि. वि. स. | गा. वि. स. / नगरपालिका |
| | स्थानीय सडकको जिल्लास्तरीय लगानी योजना तयार गर्ने / अद्यावधिक गर्ने (जिल्ला)<br>०६४/६५ \| ०६५/६६ \| ०६६/६७ \| जम्मा:<br>१५ \| २५ \| ३५ \| ७५ | | | | जि. वि. स. | गा. वि. स. / नगरपालिका |
| | बार्षिक योजना तयार गर्ने (७५ जिल्ला) | | | | जि. वि. स. / नगरपालिका | |
| | (बित्तिय) विकेन्द्रिकरण सम्वन्धी जागरण तथा ज्ञान अभिबृद्धि गर्ने (७५ जिल्ला) | | | | जि. वि. स. | स्था.नि.वि.आ./ स्था.वि.म. गा. वि. स. / नगरपालिका/ |

| गतिविधि | कोशेढुङ्गा/प्रक्रिया सूचक | समयावधि | | | उत्तरदायित्व | सहयोगी |
|---|---|---|---|---|---|---|
| | | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | | |
| | केन्द्रियस्तरमा स्थानीय पूर्वाधार विकास एकिकृत समन्वय समिति गठन गर्ने | | | | स्था.वि.मन्त्रालय | डोलिडार |
| | जिल्लास्तरमा स्थानीय पूर्वाधार विकास एकिकृत समन्वय समिति गठन गर्ने | | | | जि.वि.स. | |
| १.२ गुणस्तरीय स्थानीय सडक विकासको आवश्यक कार्यविधि/ मार्गदर्शन / निर्देशिका तयारी/ अद्यावधिक एवं कार्यान्वयन गर्ने | स्थानीय सडक यातायात प्रणाली संचालनको लागि नर्मस्, स्टायण्डर्ड तथा स्पेसिफिकेसन सहितको आवश्यक म्यानुअल तथा निर्देशिका तयार गर्ने /अद्यावधिक गर्ने<br>▪ संभाव्यता अध्ययन<br>▪ वाताबरण तथा सामाजिक मूल्याङ्कन<br>▪ सर्भेक्षण म्यानुअल<br>▪ कार्यान्वयन कार्यविधि निर्देशिका<br>▪ अनुगमन तथा मूल्याङ्कन<br>▪ हस्तान्तरण मर्मत संभार तथा संचालन<br>▪ प्रभाव मूल्याङ्कन<br>▪ एकिकृत ग्रामीण पहुँच प्रणाली प्राविधिक म्यानुअल<br>▪ स्थानीय निकायको लागि सार्वजनिक निर्माण निर्देशिका<br>▪ सामाजिक परीचालन तथा सशक्तिकरण<br>▪ वातावरणीय सुरक्षा तथा स्थानीय पूर्वाधार कार्यान्वयन ( वातावरणीय व्यवस्थापन तथा अनुगमन?)<br>▪ Approach म्यानुअल परिमार्जन गर्ने | | | | सडक बिभाग डोलिडार | जि. वि. स/न.पा. |
| | आर्थिक तथा प्रशासकीय कार्यविधि सुधार गर्ने | | | | स्था. वि.मं. | डोलिडार |
| | निर्देशिका अनुसार काम भए नभएको अनुगमन गर्ने | | | | जि. वि. स. नगरपालिका | अनुगमन डोलिडार |
| | गुणस्तर परीक्षण प्रयोगशाला स्थापना तथा संचालन गर्ने (जिल्ला) | | | | जि. वि. स. नगरपालिका | डोलिडार |
| | ०६४/६५ : २० ; ०६५/६६ : २५ ; ०६६/६७ : ३० ; जम्मा : ७५ | | | | | |

| गतिविधि | कोशेढुङ्गा/प्रक्रिया सूचक | समयावधि | | | उत्तरदायित्व | सहयोगी |
|---|---|---|---|---|---|---|
| | | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | | |
| १.३ स्थानीय सडक प्रणाली विकासमा संलग्न संस्थाहरुको क्षमता विकास गर्ने | स्थानीय सडक व्यवस्थापन सम्वन्धी संस्थागत क्षमता लेखाजोखा गर्ने (स्था वि मं, डोलिडार, जि वि स, नगरपालिका, गा वि स, जि प्रा का, गै स स, सामुदायिक संस्था, निजी क्षेत्र) | | | | केन्द्रः स्थानीय विकास मंत्रालय तथा डोलिडार<br>जिल्लाः जि. वि. स. नगरपालिका | गा. वि. स. नगरपालिका |
| | सडक तथा पुल सम्वन्धी क्षमता विकास योजना तयार गर्ने<br>▪ प्राविधिक क्षमता<br>▪ व्यवस्थापकीय क्षमता<br>▪ निर्माण उपकरण एवं औजार व्यवस्थापन | | | | जि. वि. स./ नगरपालिका/ गा.वि.स. | डोलिडार |
| | स्थानीय सडक सम्वन्धी निकायहरुको (गै स स, सामुदायिक संस्था, निजी क्षेत्र) आबश्यकता अनुसार समन्वयात्मक रुपमा क्षमता विकास गर्ने | | | | जि. वि. स. नगरपालिका | गा. वि. स. नगरपालिका |
| | संगठनात्मक विकासका लागि अध्ययन गर्ने (केन्द्रिय तथा जिल्लास्तर)<br>आ. व. ०६४।६५ - ४० जिल्ला आ. व. ०६५।६६ - ३५ जिल्ला | | | | केन्द्रः स्थानीय विकास मंत्रालय तथा डोलिडार<br>जिल्लाः जि. वि. स. नगरपालिका | |
| | ग्रामीण कृषि सडक महाशाखाको कार्य पूनरावलोकन गर्ने | | | | डोलिडार | स्था.वि.म. |
| | बिद्यमान सांगठनिक संरचना पुनरावलोकन गर्ने (केन्द्रिय तथा जिल्लास्तर) | | | | केन्द्रः स्था. वि. मं. तथा डोलिडार<br>जिल्लाः जि. वि. स. नगरपालिका | |
| | संगठन विकास कार्यक्रम तर्जुमा गर्ने | | | | केन्द्रः डोलिडार<br>जिल्लाः जि वि स नगरपालिका | |
| | समुदायको क्षमता विकास गर्ने | | | | जि. वि. स./ नगरपालिका/ गा.वि.स. | गै.स.स. |
| | कर्मचारी, उपकरण तथा लजिष्टिक आवश्यकता यकिन गरी आपूर्ति गर्ने | | | | केन्द्रः डोलिडार<br>जिल्लाः जि. वि. स. नगरपालिका | स्था वि मं |

| गतिविधि | कोशेढुङ्गा/प्रक्रिया सूचक | समयावधि | | | उत्तरदायित्व | सहयोगी |
|---|---|---|---|---|---|---|
| | | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | | |
| १.४ स्थानीय सडक प्रणालीको निर्माण तथा विस्तार गर्ने | विस्तृत सर्वेक्षण गरी लगत इष्टिमेट तयार गर्ने (कि. मि.)<br>०६४/६५: २१८१<br>०६५/६६: २९७२<br>०६६/६७: ३८४७<br>जम्मा: ९००० | | | | जि. वि. स.<br>नगरपालिका | डोलिडार<br>समुदाय |
| | स्थानीय श्रमिक उपलव्धता सर्भेक्षण गर्ने | | | | | |
| | कच्ची सडक निर्माण गर्ने (कि. मि.)<br>०६४/६५: ५४६<br>०६५/६६: ६४७<br>०६६/६७: ८०७<br>जम्मा: २००० | | | | जि. वि. स.<br>नगरपालिका | समुदाय |
| | मोटर गुडने पुल निर्माण गर्ने (गोटा)<br>०६४/६५: १५<br>०६५/६६: ३०<br>०६६/६७: ५५<br>जम्मा: १०० | | | | जि. वि. स.<br>नगरपालिका | डोलिडार |
| | मागको आधारमा नगरपालिका तथा गा. वि. स. लाई सडक प्रणाली सम्वन्धी प्राविधिक सेवा प्रदान गर्ने | | | | जिल्ला प्राविधिक कार्यालय | |
| | मांगको आधारमा घोडेटो/गोरेटो वाटो निर्माण गर्ने<br>०६४/६५: ५००<br>०६५/६६: ५००<br>०६६/६७: ५००<br>जम्मा: १५०० | | | | स्थानीय निकाय (जि.वि.स./न.पा. गा.वि.स.) | समुदाय |
| १.५ सहायक पूर्वाधार विकासका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने | पुरक योजना डिजाइन गर्ने (मागको आधारमा) | | | | जि. वि. स.<br>नगरपालिका | समुदाय |
| | पुरक योजना कार्यान्वयन गर्ने | | | | जि. वि. स.<br>नगरपालिका | समुदाय |
| १.६ स्थानीय सडकको स्तरोन्नती, पुर्नस्थापन तथा मर्मत संभार प्रणाली स्थापना गर्ने । | सडकको स्तरोन्नती तथा पूर्नस्थापना गर्ने (कि. मि)<br>०६४/६५: १६३५<br>०६५/६६: २३२५<br>०६६/६७: ३०४०<br>जम्मा: ७००० | | | | जि. वि. स.<br>नगरपालिका | डोलिडार |
| | स्थानीय सडकको लगत तयार/अद्यावधिक गर्ने | | | | जि. वि. स.<br>नगरपालिका | गा. वि. स. |
| | बार्षिक मर्मत संभार योजना तयार गर्ने | | | | जि. वि. स.<br>नगरपालिका | रोडबोर्ड नेपाल<br>गा. वि. स. |

| गतिविधि | कोशेढुङ्गा/प्रक्रिया सूचक | समयावधि | | | उत्तरदायित्व | सहयोगी |
|---|---|---|---|---|---|---|
| | | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | | |
| | मर्मत संभार कोष खडा गर्ने (जिल्ला)<br>०६४/६५ \| ०६५/६६ \| ०६६/६७ \| जम्मा<br>४० \| २२ \| १३ \| ७५ | | | | जि. वि. स.<br>नगरपालिका | रोडबोर्ड नेपाल<br>गा. वि. स. |
| | चालू सडक मर्मत संभार गर्ने (कि. मि.)<br>०६४/६५ \| ०६५/६६ \| ०६६/६७ \| जम्मा<br>९००० \| १०००० \| १२००० \| १२००० | | | | जि. वि. स.<br>नगरपालिका | गा. वि. स. |
| १.८ स्थानीय यातायातको क्षेत्रमा स-साना प्रविधि हस्तान्तरण अनुसन्धान तथा विकास गर्ने | ग्रामीण सडक प्रविधि सम्वन्धी अध्ययन तथा अन्वेषण गर्ने | | | | जि. वि. स. | डोलिडार |
| | सानास्तरका स्थानीय प्रविधि परीक्षण प्रवर्द्धन गर्ने खालका योजना तर्जुमा र कार्यान्वयन गर्ने | | | | जि. वि. स. | डोलिडार |
| | उपयुक्त प्रविधि पहिचान तथा विकास गरी हस्तान्तरण तथा प्रचार प्रसार गर्ने | | | | डोलिडार | जिल्ला प्राविधिक कार्यालय |
| १.९ स्थानीय सडकको तथ्याङ्क व्यवस्थित गर्ने | सूचना प्रविधि सम्वन्धी योजना तर्जुमा गर्ने | | | | जि. वि. स.<br>नगरपालिका | गा. वि. स. |
| | संचार प्रक्रिया सुधार गर्ने | | | | केन्द्रः डोलिडार<br>जिल्लाः जि.वि. स.<br>नगरपालिका | |
| | सूचना व्यवस्थापन गर्ने (MIS) | | | | केन्द्रः स्था.वि.म., डोलिडार<br>जिल्लाः जि वि. स.<br>नगरपालिका | |
| | भौगोलिक सूचना प्रणाली विकास गर्ने (जिल्ला)<br>०६४/६५ \| ०६५/६६ \| ०६६/६७ \| जम्मा<br>४० \| २२ \| १३ \| ७५ | | | | जि. वि. स.<br>नगरपालिका | स्था.वि.म., डोलिडार, गा. वि. स. |
| | भौगोलिक सूचना प्रणाली स्थानीय विकास मंत्रालय तथा सडक बिभागको सूचना प्रणाली सँग आवद्ध गर्ने | | | | डोलिडार | स्था.वि.म.,<br>जि वि. स. |
| | DPMAS तयारी तथा क्रियाशिल गर्ने | | | | जि. वि. स. | नगरपालिका<br>गा.वि.स. |
| | स्थानीय सडक सूचना DPMAS सँग आवद्ध गरी डोलिडार र स्था. वि. मं. को सूचना प्रणालीसँग आवद्ध गर्ने | | | | स्था. वि. मं<br>/डोलिडार | जि वि. स.<br>नगरपालिका |
| | राष्ट्रिय ग्रामिण सडक तथ्यांक वार्षिक रुपमा प्रकाशित गर्ने | | | | डोलिडार | |

| गतिविधि | कोशेढुङ्गा/प्रक्रिया सूचक | समयावधि | | | उत्तरदायित्व | सहयोगी |
|---|---|---|---|---|---|---|
| | | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | | |
| | | | | | | |
| १.१० स्थानीय सडक प्रणालीको अनुगमन तथा मूल्याङ्कन गर्ने | नतिजामूलक अनुगमन प्रणाली विकास गर्न विद्यमान अनुगमन प्रणालीमा सुधार गर्ने | | | | जि. वि. स.<br>नगरपालिका | स्था.वि.म<br>डोलिडार |
| | अनुगमन योजना तयार गर्ने | | | | जि. वि. स.<br>नगरपालिका | डोलिडार |
| | अनुगमन गर्ने | | | | जि. वि. स<br>नगरपालिका | डोलिडार<br>समुदाय |
| | नियमित रुपमा समिक्षा गर्ने (चौमाशिक) | | | | डोलिडार<br>जि. वि. स.<br>नगरपालिका | |
| | सार्वजनिक सुनुवाई गर्ने (आवश्यकता अनुसार) | | | | जि. वि. स<br>नगरपालिका<br>गा.वि.स. | समुदाय |
| | सार्वजनिक परीक्षण गर्ने (सवै आयोजनाको कम्तिमा वर्षको १ पटक) | | | | जि. वि. स.<br>नगरपालिका | समुदाय |
| | स्थानीय सडकको प्राविधिक परीक्षण पद्धति लागू गर्ने | | | | जि. वि. स.<br>डोलिडार | राष्ट्रिय शतर्कता केन्द्र |
| | एकिकृत रुपमा प्रगति प्रतिवेदन पेश गर्ने प्रणाली विकास गर्ने | | | | डोलिडार<br>जि. वि. स.<br>नगरपालिका | |
| | प्रतिवेदन पेश गर्ने | | | | डोलिडार<br>जि. वि. स.<br>नगरपालिका | |
| | बार्षिक रुपमा स्थानीय यातायात विकास सम्वन्धी अनुगमनवाट प्राप्त प्रगति तथा उपलव्धि प्रकाशित गर्ने | | | | डोलिडार<br>जि. वि. स.<br>नगरपालिका | |
| | प्रभाव मूल्याङ्कन पद्धति तयार गर्ने | | | | जि. वि. स.<br>नगरपालिका | डोलिडार |

## ७.१.३ झोलुङ्गे पुल[२]: रणनीतिक कार्य योजना

| गतिविधि | कोशेढुङ्गा/प्रक्रिया सूचक | समयावधि | | | उत्तरदायित्व | सहयोगी |
|---|---|---|---|---|---|---|
| | | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | | |
| **परिणाम १:** दिगो स्थानीय यातायात प्रणाली बिस्तार तथा स्तरोन्नती भई सेवा, स्रोत र बजारमा जनताको पहुँचमा सुधार हुनेछ | | | | | | |
| १.१ योजना तर्जुमा गर्ने | जिल्ला सडक यातायात गुरु योजनामा झोलुङ्गे पुल समावेश गरी यातायात पूर्वाधार नक्सा तयार गर्ने (जिल्ला)<br>०६४/६५ | ०६५/६६ | ०६६/६७ | जम्मा<br>१५ | २५ | ३५ | ७५ | | | | जि. वि. स. | डोलिडार |
| | झोलुङ्गे पुलको आवश्यकता बारेमा राष्ट्रियस्तरमा अध्ययन गर्ने | | | | डोलिडार | जि. वि. स. |
| | झोलुङ्गे पुल क्षेत्रको केन्द्रिय लगानी योजना (Business Plan) तयार गर्ने | | | | डोलिडार | जि. वि. स. |
| | बार्षिक योजना तयार गर्ने (७५ जिल्ला) | | | | जि. वि. स. | गा. वि. स. |
| | जिल्ला विकास समिति - झोलुङ्गे पुल शाखाको लगानी योजना (Business Plan) तयारी तथा कार्यान्वयन गर्ने (जिल्ला)<br>०६४/६५ | ०६५/६६ | ०६६/६७ | जम्मा<br>१५ | २५ | ३५ | ७५ | | | | जि. वि. स. | गा. वि.स |
| १.२ गुणस्तरीय झोलुङ्गे पुल विकासका लागि आवश्यक कार्यविधि तयार गर्ने | झोलुङ्गे पुल निर्देशिका अद्यावधिक गर्ने | | | | डोलिडार | |
| | झोलुङ्गे पुल संहिता (Code) तयार गर्ने | | | | डोलिडार | |
| | गुणस्तर परीक्षण प्रयोगशाला स्थापना तथा विस्तार गर्ने (जिल्ला)<br>०६४/६५ | ०६५/६६ | ०६६/६७ | जम्मा<br>२० | २५ | ३० | ७५ | | | | जि. वि. स. | डोलिडार |
| १.३ झोलुङ्गे पुल कार्यक्रम निक्षेपण गर्ने | निक्षेपण योजना तयार गर्ने | | | | स्था.वि.मन्त्रालय | डोलिडार |
| | झोलुङ्गे पुल कार्यक्रम स्थानीय निकायमा निक्षेपण गर्ने | | | | स्था.वि.मन्त्रालय | डोलिडार |
| १.४ झोलुङ्गे पुल विकासमा संलग्न संस्थाहरुको क्षमता | संस्थागत आवश्यकता पहिचान गर्ने | | | | केन्द्रः डोलिडार<br>जिल्लाः जि. वि.स | |

[२] झोलुङ्गे पुल भन्नाले मुख्य र सहायक पैदल मार्गमा पर्ने Suspended , Suspension र Truss Bridge समेतलाई जनाउनेछ

| गतिविधि | कोशेढुङ्गा/प्रक्रिया सूचक | समयावधि | | | उत्तरदायित्व | सहयोगी |
|---|---|---|---|---|---|---|
| | | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | | |
| विकास गर्ने | जनशक्ति विकास योजना तयार गर्ने<br>■ प्राविधिक क्षमता<br>■ व्यवस्थापकीय क्षमता<br>■ उपकरण | | | | केन्द्रः डोलिडार<br>जिल्लाः जि. वि.स | |
| | झोलुङ्गे पुल सम्वन्धी संस्थाहरु (स्थानीय निकाय, गै स स, सामुदायिक संस्था, निजी क्षेत्र) को आबश्यकता अनुसार संस्थागत क्षमता विकास गर्ने | | | | केन्द्रः डोलिडार<br>जिल्लाः जि. वि.स | |
| | झोलुङ्गे पुल शाखाको कार्य पूनरावलोकन गरी संगठन कार्यविधि तयार/अद्यावधिक गर्ने | | | | डोलिडार | |
| | बिद्यमान संगठन संरचना पुनरावलोकन गर्ने (केन्द्रिय तथा जिल्लास्तर) | | | | केन्द्रः डोलिडार<br>जिल्लाः जि. वि.स | स्था.वि.मन्त्रालय |
| | कर्मचारी, उपकरण तथा लजिष्टिक आवश्यकता यकिन गरी आपूर्ति गर्ने | | | | केन्द्रः डोलिडार<br>जिल्लाः जि. वि.स | स्था. वि. मंत्रालय |
| | समुदायको क्षमता विकास गर्ने | | | | जि. वि. स. | न.पा./गा.वि.स. |
| १.५ झोलुङ्गे पुल निर्माण तथा विस्तार गर्ने | संभाव्य आयोजान पहिचान, छनौट र प्राथमिकिकरण गर्न संयन्त्र तयार गर्ने | | | | डोलिडार | जि. वि. स. |
| | विस्तृत सर्वेक्षण गरी लगत इष्टिमेट तयार गर्ने (कि. मि)<br>०६४/६५ \| ०६५/६६ \| ०६६/६७ \| जम्मा:<br>३२८ \| ३३५ \| ३३७ \| १००० | | | | जि. वि. स. | |
| | झोलुङ्गे पुल निर्माण गर्ने (गोटा)<br>०६४/६५ \| ०६५/६६ \| ०६६/६७ \| जम्मा:<br>३२८ \| ३३५ \| ३३७ \| १००० | | | | जि. वि. स. | गा. वि. स समुदाय |
| | बृहद मर्मत गर्ने (गोटा)<br>०६४/६५ \| ०६५/६६ \| ०६६/६७ \| जम्मा:<br>२० \| २५ \| २६ \| ७१ | | | | जि. वि. स. | गा. वि. स समुदाय |
| १.६ सहायक पूर्वाधार विकास कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने | पुरक योजना डिजाइन गर्ने (मागको आधारमा) | | | | जि. वि. स | गा. वि. स समुदाय |
| | पुरक योजना कार्यान्वयन गर्ने | | | | जि. वि. स. | गा. वि. स समुदाय |

| गतिविधि | कोशेढुङ्गा/प्रक्रिया सूचक | समयावधि | | | उत्तरदायित्व | सहयोगी |
|---|---|---|---|---|---|---|
| | | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | | |
| | | | | | | |
| १.७ झोलुङ्गे पुल मर्मत संभार प्रणाली स्थापना गर्ने | मर्मत गर्नुपर्ने झोलुङ्गे पुलको लगत तयार गर्ने | | | | जि. वि. स. | गा. वि. स<br>समुदाय |
| | आवधिक तथा नियमित मर्मत संभारको लागि जिम्मेवार निकाय तोक्ने | | | | जि. वि. स. | गा. वि. स |
| | मर्मत संभार योजना तयार गर्ने (७५ जिल्ला) | | | | जि. वि. स. | गा. वि. स<br>समुदाय |
| | आवधिक तथा नियमित मर्मत संभार गर्ने (गोटा/वर्ष)<br>०६४/६५ ०६५/६६ ०६६/६७ जम्मा:<br>३५०० ३५०० ३५०० ३५०० | | | | जि. वि. स. | गा. वि. स<br>समुदाय |
| | स्थानीयस्तरमा झोलुङ्गे पुलको मर्मत संभार तथा रेखदेख गर्न समिति गठन गर्ने | | | | जि. वि. स. | गा. वि. स |
| १.८ स-साना प्रविधि हस्तान्तरण अनुसन्धान तथा विकास गर्ने | झोलुङ्गे पुल प्रविधि सम्वन्धी अध्ययन तथा अन्वेषण गर्ने | | | | डोलिडार | जि. वि. स. |
| | उपयुक्त प्रविधि पहिचान तथा विकास गरी हस्तान्तरण तथा प्रसार गर्ने | | | | डोलिडार | जि. वि. स. |
| | सानास्तरका स्थानीय प्रविधि परीक्षण प्रवर्द्धन गर्ने खालका योजना तर्जुमा र कार्यान्वयन गर्ने | | | | जि. वि. स | डोलिडार |
| | स्थानीयस्तरमा झोलुङ्गे पुल सम्वन्धी सीप विकास गर्ने | | | | जि. वि. स. | डोलिडार |
| १.९ झोलुङ्गे पुलको तथ्याङ्क व्यवस्थित गर्ने | झोलुङ्गे पुलको लगत (Inventory) तयारी तथा बार्षिक रुपमा अद्यावधिक गर्ने (७५ जिल्ला) | | | | जि. वि. स. | गा. वि. स<br>न.पा. |
| | सूचना अद्यावधिक गर्ने | | | | जि. वि. स. | |
| | झोलुङ्गे पुल सम्वन्धी सूचना भौगोलिक सूचना प्रणालीमा आवद्ध गर्ने (जिल्ला)<br>०६४/६५ ०६५/६६ ०६६/६७ जम्मा<br>१५ २५ ३५ ७५ | | | | जि. वि. स. | डोलिडार |
| | नेपाल झोलुङ्गे पुल रेकर्ड अद्यावधिक गर्ने | | | | डोलिडार | जि. वि. स. |
| १.१० अनुगमन तथा मूल्याङ्कन गर्ने | नतिजामूलक अनुगमन प्रणाली विकास गर्न बिद्यमान अनुगमन प्रणालीमा सुधार गर्ने | | | | जि. वि. स. | स्था.वि.म.<br>डोलिडार |
| | अनुगमन योजना तयार गर्ने | | | | जि. वि. स. | स्था.वि.म.<br>डोलिडार |
| | अनुगमन गर्ने | | | | जि. वि. स. | डोलिडार |

| गतिविधि | कोशेढुङ्गा/प्रक्रिया सूचक | समयावधि | | | उत्तरदायित्व | सहयोगी |
|---|---|---|---|---|---|---|
| | | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | | |
| | नियमित रुपमा समिक्षा गर्ने (चौमाशिक) | | | | जि. वि. स. | डोलिडार |
| | सार्वजनिक सुनुवाई गर्ने (आवश्यकता अनुसार सबै कार्यक्रमको) | | | | जि. वि. स. | डोलिडार |
| | सार्वजनिक परीक्षण गर्ने (सबै कार्यक्रमको कम्तिमा बर्षको १ पटक) | | | | जि. वि. स. | डोलिडार |
| | प्रतिवेदन पेश गर्ने | | | | जि. वि. स. | |
| | बार्षिक रुपमा अनुगमन बाट प्राप्त प्रगति तथा उपलब्धि प्रकाशित गर्ने | | | | जि. वि. स. | डोलिडार |

## ७.१.४ अन्य यातायातः रणनीतिक कार्य योजना

| गतिविधि | कोशेढुङ्गा/प्रक्रिया सूचक | समयावधि | | | उत्तरदायित्व | सहयोगी |
|---|---|---|---|---|---|---|
| | | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | | |
| **परिणाम १:** दिगो स्थानीय यातायात प्रणाली बिस्तार तथा स्तरोन्नती भै सेवा, स्रोत र बजारमा जनताको पहुँचमा सुधार हुनेछ | | | | | | |
| १.१ रज्जुमार्ग विकास सम्वन्धी अवधारण तयार गर्ने | सडक सुविधा बिस्तार गर्न कठिनाई भएका क्षेत्रहरुमा रज्जुमार्ग आवश्यकता पहिचान गर्ने | | | | जि. वि. स. | |
| | रज्जुमार्ग निर्माणका लागि उपयुक्त प्रविधि विकास तथा हस्तान्तरण गर्ने | | | | डोलिडार | जि. वि. स. |
| | रज्जुमार्ग सार्वजनिक निजी/साझेदारी अन्तर्गत निर्माण गर्न कार्यविधि तयार गर्ने | | | | डोलिडार | स्था. पू. शा. |
| | रज्जुमार्ग विकासमा सहयोग गर्ने संस्थाहरु सँग समन्वय तथा साझेदारी गर्ने | | | | डोलिडार | जि. वि. स. |
| १.२ जलमार्ग विकास सम्वन्धी अवधारण तयार गर्ने | स्थानीयस्तरमा संभाव्य जलमार्ग क्षेत्रको पहिचान गर्ने | | | | जि. वि. स. | |
| | जलमार्ग निर्माणका लागि उपयुक्त प्रविधि हस्तान्तरण गर्ने | | | | डोलिडार | जि. वि. स. |
| | जलमार्ग सार्वजनिक निजी साझेदारी अन्तर्गत निर्माण गर्न कार्यविधि तयार गर्ने | | | | डोलिडार | जि. वि. स. |
| १.३ हेलिप्याड विकास सम्वन्धी अवधारण तयार गर्ने | चालु हालतमा रहेका हेलिप्याडहरुको लगत तयार गर्ने | | | | डोलिडार | जि. वि. स., ना.उ.प्रा. |
| | संभाव्य हेलिप्याड निर्माण क्षेत्रको पहिचान गर्ने | | | | जि. वि. स. | डोलिडार, ना.उ.प्रा. |
| | हेलिप्याड निर्माणका लागि उपयुक्त प्रविधि विकास तथा हस्तान्तरण गर्ने | | | | डोलिडार | जि. वि. स. ना.उ.प्रा. |

### ७.१.५ योजना कार्यान्वयनका लागि आवश्यक स्रोत

### ७.१.५.१ मानवीय संशाधन

### ७.१.५.१.१ योजना तर्जुमा

योजना तर्जुमाका लागि केन्द्रियस्तरमा पर्याप्त जनशक्ति उपलव्ध छ । योजना तर्जुमा गर्ने कार्य विषयगत मंत्रालय तथा बिभागीय नीति अनुसार गर्नुपर्ने हुँदा स्थानीय विकास मंत्रालय तथा डोलिडारले बढी समन्वय र सहजिकरण गर्नुपर्नेछ । सो को लागि मंत्रालय तथा बिभागबाट हुने समन्वयात्मक कार्यमा सुधार गरिनेछ ।

जिल्लास्तरमा योजनाबद्ध व्यवस्थापन सम्वन्धी सीप सीमित रहेको छ । जिल्लास्तरमा जनताका माग तथा आवश्यकता अनुसारका काम गर्न बिद्यमान सीप तथा क्षमता सुदृढ गरिनेछ ।

### ७.१.५.१.२ योजना कार्यान्वयन

स्थानीय यातायात सम्वन्धी सबै काम स्थानीय निकाय मार्फत गरिनेछ । तोकिएका आयोजना तथा कार्य बाहेक सबै कार्यक्रम कार्यान्वयन समुदायबाट हुनेछ ।

निक्षेपित स्थानीय यातायातको काम गर्न जिल्लास्तरमा बढी प्राविधिक जनशक्ति आबश्यक पर्नेछ । बिद्यमान सरकारी जनशक्तिले सहजकर्ता, समन्वयकर्ता एवं सहयोगीको भूमिका निर्वाह गर्नेछन् । प्राविधक सहयोग तथा समुदायको प्राविधिक एवं व्यवस्थापकीय क्षमता बढाउने कार्यमा आवश्यकता अनुसार निक्षेपण गर्ने बिषयगत कार्यालयबाट सहयोग पुऱ्याइनेछ । स्थानीय यातायात आयोजना कार्यान्वयनका लागि आवश्यकता अनुसार प्राविधिक क्षमता बिशेषज्ञ सेवा करार वा अन्य व्यवस्थाबाट प्राप्त गरी उपयोग गरिनेछ ।

### ७.१.५.१.३ संचालन

स्थानीय सडकको स्वामित्व स्थानीय निकायमा रहने हुँदा स्थानीय सडकको मर्मत तथा संचालन स्थानीय निकायबाट गरिनेछ । यस्तो कार्य संचालन गर्न कामदार समूह वा उपभोक्ता समितिलाई कार्यान्वयनको जिम्मेवारी दिइनेछ । कामदार समूह तथा उपभोक्ता समितिको यस्ता कार्य गर्नसक्ने गरी क्षमता विकास गरिनेछ ।

## ७.१.५.२ बित्तीय स्रोत आवश्यकता:

### ७.१.५.२.१ स्थानीय सडकमा लगानी, उपलब्ध स्रोत, नपुग स्रोत

स्थानीय सडक प्रणालीको लागि लगानी प्रक्षेपण (आ. व. ०६२।६३ को मूल्यको आधारमा) निम्नानुसार गरिएको छ ।

'रु. दश लाख'

| गतिविधि | आर्थिक बर्ष /लगानी आवश्यकता | | | | |
|---|---|---|---|---|---|
| | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | जम्मा | ०६७।६८ देखि ०७१।७२ |
| १. स्थानीय सडक प्रणालीको योजनाबद्ध विकास गर्ने | ५५ | १५५ | १३५ | ३४५ | १२५ |
| २. गुणस्तरीय स्थानीय सडक विकासको आवश्यक कार्यविधि/ मार्गदर्शन / निर्देशिका तयारी/ अद्यावधिक एवं कार्यान्वयन गर्ने | १०० | ० | ० | १०० | ० |
| ३ स्थानीय सडक प्रणाली विकासमा संलग्न संस्थाहरुको क्षमता विकास गर्ने | १०० | २०० | ३२५ | ६२५ | १५०० |
| ४ स्थानीय सडक प्रणालीको निर्माण तथा विस्तार गर्ने | २४५० | २९१२ | ३६३१ | ८९९३ | १६६५० |
| ४.१ घोडेटो / गोरेटो बाटो निर्माण गर्ने | ७५ | ७५ | ७५ | २२५ | ३७५ |
| ५ सहायक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने | १०३८ | १४८० | १९२७ | ४४४५ | १०००० |
| ६ (क) स्थानीय सडकको पुर्नस्थापन, स्तरोन्नती तथा मर्मत संभार प्रणाली स्थापना गर्ने । | ४६६० | ६३८३ | ८१७२ | १९२१५ | ३३००० |
| ६.१ सडक पुल निर्माण गर्ने | १८० | ३६० | ६६० | १२०० | ६००० |
| ७ स्थानीय यातायातको क्षेत्रमा स-साना प्रविधि हस्तान्तरण अनुसन्धान तथा विकास गर्ने | २१० | २२० | ४२० | ८५० | २००० |
| ८ स्थानीय सडकको तथ्याङ्क व्यवस्थित गर्ने | ८० | ३० | ३० | १४० | १५० |
| ९ स्थानीय सडक प्रणालीको अनुगमन तथा मूल्याङ्कन गर्ने | ६३० | ८८० | १००० | २५१० | ५००० |
| **जम्मा** | **९५७८** | **१२६९५** | **१६३७५** | **३८६४८** | **७४८००** |
| उपलब्ध स्रोत | | | | | |
| नेपाल सरकार | १२२५ | १२८५ | १४७५ | ३९८५ | १०००० |
| स्थानीय निकाय | १६२९ | १६३० | १६३० | ४८८९ | ९००० |
| दातृसंस्था | १६१० | ११२० | ६७० | ३४०० | १०००० |
| गै स स | | | | | |
| अन्य | | | | | |
| **जम्मा** | **४४६४** | **४०३५** | **३७७५** | **१२२७४** | **२९०००** |
| **नपुग स्रोत** | **५११४** | **८६६०** | **१२६००** | **२६३७४** | **४५८००** |

### ७.१.५.२.२ झोलुङ्गे पुलमा लगानी, उपलब्ध स्रोत, नपुग स्रोत

झोलुङ्गे पुलको लागि लगानी प्रक्षेपण (आ. व. ०६२।६३ को मूल्यको आधारमा) निम्नानुसार गरिएको छ ।

'रु. दश लाख'

| गतिविधि | आर्थिक बर्ष /लगानी आवश्यकता | | | | |
|---|---|---|---|---|---|
| | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | जम्मा | ०६७।६८ देखि ०७१।७२ |
| १. योजना तर्जुमा गर्ने | ४ | ४ | ४ | १२ | १० |
| २ गुणस्तरीय झोलुङ्गे पुल विकासका लागि आवश्यक कार्यविधि तयार गर्ने | ३ | ० | ० | ३ | ० |
| ३ झोलुङ्गे पुल कार्यक्रम निक्षेपण गर्ने | ० | ० | ० | ० | ० |
| ४ झोलुङ्गे पुल विकासमा संलग्न संस्थाहरुको क्षमता विकास गर्ने | ४ | ४ | ४ | १२ | १८ |
| ५ झोलुङ्गे पुल निर्माण तथा विस्तार गर्ने | ९४० | ९३६ | ९३६ | २८१२ | २८५० |
| ६ सहायक पूर्वाधार विकास कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने | ९० | ९० | ९० | २७० | २८५ |
| ७ झोलुङ्गे पुल मर्मत संभार प्रणाली स्थापना गर्ने | २९ | २८ | २९ | ८६ | १५० |
| ८ स-साना प्रविधि हस्तान्तरण अनुसन्धान तथा विकास गर्ने | १० | १० | १० | ३० | ७५ |
| ९ झोलुङ्गे पुलको तथ्याङ्क व्यवस्थित गर्ने | १० | १० | १० | ३० | १० |
| १० अनुगमन तथा मूल्याङ्कन गर्ने | ५४ | ८० | ८७ | २२१ | ३२ |
| **जम्मा** | **११४४** | **११६२** | **११७०** | **३४७६** | **३४३०** |
| **उपलब्ध स्रोत** | | | | | |
| नेपाल सरकार | ६० | ६५ | ७० | १९५ | ३०० |
| स्थानीय निकाय | १७० | १७० | १७१ | ५११ | ७५० |
| दातृसंस्था | ७०० | ७०० | ७०० | २१०० | १४०० |
| **जम्मा आवश्यक श्रोत** | **९३०** | **९३५** | **९४१** | **२८०६** | **२४५०** |
| **नपुग स्रोत** | **२१४** | **२२७** | **२२९** | **६७०** | **९८०** |

### ७.१.५.२.३ अन्य यातायात लगानी, उपलब्ध स्रोत, नपुग स्रोत

अन्य यातायातको लागि लगानी प्रक्षेपण (आ. व. ०६२।६३ को मूल्यको आधारमा) निम्नानुसार गरिएको छ।

'रु. दश लाख'

| गतिविधि | आर्थिक बर्ष /लगानी आवश्यकता | | | | |
|---|---|---|---|---|---|
| | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | जम्माः | ०६७।६८ देखि ०७१।७२ |
| १. रज्जुमार्ग विकास सम्वन्धी अवधारणा तयार गर्ने | ५ | ५ | ५ | १५ | १०० |
| २. जलमार्ग विकास सम्वन्धी अवधारणा तयार गर्ने | ५ | ५ | ५ | १५ | १०० |
| ३. हेलिप्याड विकास सम्वन्धी अवधारणा तयार गर्ने | ५ | ५ | ५ | १५ | १०० |
| **जम्मा** | **१५** | **१५** | **१५** | **४५** | **३००** |
| **उपलब्ध स्रोत** | | | | | |
| नेपाल सरकार | | | | | |
| स्थानीय निकाय | | | | | |
| दातृसंस्था | | | | | |
| गै स स | | | | | |
| अन्य | | | | | |
| जम्मा | | | | | |
| **नपुग स्रोत** | **१५** | **१५** | **१५** | **४५** | **३००** |

## ७.१.६ संस्थागत भूमिका

स्थानीय यातायात प्रणाली विकासमा संस्थागत भूमिका निम्न अनुसार हुनेछः

| | |
|---|---|
| **स्थानीय विकास मन्त्रालय** | • स्थानीय यातायात सम्बन्धी कार्यमा आवश्यक श्रोत तथा साधन उपलब्ध गराउन केन्द्रियस्तरका अन्य निकायहरुसँग समन्वय गर्ने<br>• झोलुङ्गे पुल कार्यक्रम निक्षेपण गर्ने<br>• तालीम र मानव संशाधन विकास सम्बन्धी नीति तयार गर्ने<br>• दातृ संस्थाहरुसँग समन्वय गर्ने<br>• स्थानीय यातायात निक्षेपणको लागि विषयगत मंत्रालयसँग समन्वय गर्ने<br>• स्थानीय यातायातको सूचना प्रणाली अद्यावधिक गर्ने<br>• स्थानीय यातायात प्रणालीको न्यूनतम शर्त तथा कार्य सम्पादन सूचक तयार गरी लागू गर्ने<br>• स्थानीय यातायात प्रणालीको सूचक अनुसारको उपलब्धि तथा प्रभाव अनुगमन गर्ने<br>• स्थानीय यातायात सम्वन्धी नीति तथा कार्यविधि तयार गर्ने<br>• निक्षेपित कार्यक्रम कार्यान्वयन गर्न स्थानीय निकायलाई प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलव्ध गराउने |
| **भौतिक योजना तथा निर्माण मंत्रालय** | • राष्ट्रिय यातायात गुरु योजनामा स्थानीय यातायात समावेश गर्ने<br>• स्थानीय यातायात कार्यक्रम निक्षेपण गर्ने<br>• स्थानीय यातायात सूचना केन्द्रिय सूचना प्रणालीमा समावेश गरी प्रकाशित गर्ने<br>• निक्षेपित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने |
| **स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग** | • विषयगत मंत्रालय तथा बिभागसँग समन्वय गरी स्थानीय यातायात कार्यक्रमका लागि आवश्यक नर्मस, निर्देशिका, स्पेसिफिकेशन, वातावरण तथा सामाजिक अध्ययन निर्देशिका तयार गरी प्राविधिक मापदण्ड स्थापित गर्ने<br>• स्थानीय स्तरमा गरिने सम्पूर्ण स्थानीय यातायात विकास कार्यक्रम सञ्चालन गर्न मागको आधारमा स्थानीय निकायलाई आवश्यक पर्ने प्राविधिक सहयोग उपलव्ध गराउने र स्थानीय निकायको प्राविधिक क्षमता अभिवृद्धि गर्ने<br>• स्थानीय यातायात विकासका लागि आन्तरिक तथा बाह्य श्रोत साधनहरु प्रवाहित गर्न केन्द्र र स्थानीय निकाय बीच समन्वय गर्ने<br>• जिल्ला यातायात गुरु योजना तयारीको लागि निर्देशिका, मापदण्ड आदि विकास एवं परिमार्जन गरी लागू गर्ने र यस सम्बन्धी कार्यमा स्थानीय निकायलाई मागको आधारमा सहयोग पुऱ्याउने,<br>• दातृसंस्थाबाट संचालित स्थानीय यातायात आयोजनाहरु बीच समन्वय गरी एकरुपता कायम गर्न सहयोग पुऱ्याउने<br>• अनुगमन तथा मूल्याङ्कन गर्ने तथा यस्ता कार्यमा स्थानीय विकास मन्त्रालयलाई सहयोग गर्ने<br>• विभाग र स्थानीय निकायहरुको प्राविधिक जनशक्ति विकासका लागि आवश्यक मानव संसाधन विकासको योजना तयार गरी कार्यान्वयन गर्ने<br>• निर्माण कार्यहरुको गुणस्तर सुनिश्चित गर्न गुणस्तर सुनिश्चितता योजना तयार गराई सो को कार्यान्वयन अनुगमन गर्ने<br>• एकभन्दा बढी जिल्लामा संचालित आयोजनाहरु बीच समन्वय गर्ने<br>• स्थानीय निकायका लागि मागको आधारमा पूर्वाधार आयोजनाहरुको वातावरणीय पक्षको प्रारम्भिक परीक्षण एवं प्रभाव मूल्याङ्कन अध्ययन गर्न स्थानीय निकायलाई सहयोग गर्ने<br>• जिल्ला प्राविधिक कार्यालय वा स्थानीय निकाय अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुलाई स्थानीय यातायात व्यवस्थापन संवन्धी तालिम कार्यक्रमको तर्जुमा तथा सञ्चालन गर्ने<br>• |

| | |
|---|---|
| | • यातायात व्यवस्थापन कार्यमा स्थानीय निकाय तथा जिल्ला प्राविधिक कार्यालयलाई प्राविधिक सहयोग गर्ने<br>• यातायात व्यवस्थापनको लागि आवश्यक जनशक्तिको व्यवस्था गर्न सहयोग तथा उपलब्ध जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, जनचेतना अभिवृद्धि आदि जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने<br>• पूर्वाधार विकास सम्बन्धी सूचना संकलन गरी सूचना व्यवस्थापन तथा प्रवाहको लागि एक सूचना श्रोत केन्द्रको स्थापना तथा विकास गर्ने र स्थानीय निकायहरुमा समेत यस किसिमको पूर्वाधार विकास तथा व्यवस्थापन सूचना प्रणाली स्थापना तथा सञ्चालनमा आवश्यक सहयोग गर्ने । साथै केन्द्रीयस्तर र जिल्लास्तरमा सूचना प्रवाहलाई सुनिश्चित गर्न आवश्यक कार्य गर्ने |
